# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क २९ पूर्णाङ्क ४५५ | २०८२ माघ १२ गते सोमबार | Monday 26 Jan; 2026 | पृष्ठ ८ | मूल्य रू. १० |-


## पार्टी र नेवा: मोर्चाद्वारा लक्ष्मी सुलुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण

संसारका मजदुर तथा उत्पीडित जनता एक होओ !

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

Revolutionary Communist Party of Nepal

Newa National Liberation Front, Nepal

काठमाडौं । भक्तपुर नगरपालिका वडा नं. २ व्यासी निवासी लक्ष्मी सुलुको २०८२ माघ ४ गते ९२ वर्षको उमेरमा काठमाण्डौको के.एम.सी. अस्पतालमा बाँकी ७ पेजमा

# 'स्वाधीनताको लडाइँमा जनताको देशप्रेम अजेय तागत'

काठमाडौं । जेनजी परिघटनापछि सबैतिर राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डाताको विषयलाई लिएर गम्भिर रूपमा विमर्श भइरहेको छ । विशेषगरी सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरूको वृतमा गहिरो चासो र चिन्ताका साथ यस्ता विमर्श हुने गरेका छन् । नेपालको स्वाधीनता र सार्वभौमिकताको लागि नेपालका क्रान्तिकारी कम्युनिस्टहरूले पार्टीको स्थापनाकालदेखि नै संघर्ष गर्दै आएका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले एकसाथ उठाउँदै आएका छन् ।

भारतसँग गरिएका सन् १९५० लगायतका असमान सन्धि सम्झौतादेखि अमेरिकासँग गरिएको राष्ट्रघाती एमसीसी सम्झौतासम्मको खारेजीका लागि सडकमा चर्को रूपमा आवाज बुलन्द गर्ने र समग्र राष्ट्रिय स्वाधीनताको आन्दोलनको नेतृत्व गर्ने क्रान्तिकारी कम्युनिस्टहरू नै हुन् । त्यसमा पनि आजको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नेतृत्वको धाराले नै त्यो क्रान्तिकारी र गौरवशाली विरासतलाई न्यायपूर्ण रूपमा अगाडि बढाइरहेको छ । पछिल्लो कालखण्डमा विशेषगरी जनेजी परिघटनापछि इमान्दारितापूर्वक देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको पक्षमा यदि नेपालमा कुनै



राजनीतिक पार्टी उभिएको छ र निरन्तर रूपमा सडकमा आवाज बुलन्द गर्ने कुनै पार्टी छ भने त्यो भनेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नै हो ।

नेपाली कम्युनिस्ट आन्दोलनका एकजना इमान्दार र क्रान्तिकारी नेता सीपी गजुरेल गौरवले नेतृत्व गरेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले जेनजी परिघटनापछि विकसित राजनीतिक परिस्थितिमा राष्ट्रिय स्वाधीनताको मुद्दा प्रदान बनेर अगाडि आएको र नेपाल अब नवऔपनिवेशिक अवस्थामा प्रवेश गरेको विश्लेषण गर्दै सुशिला कार्की नेतृत्वको वर्तमान कठ्पुतली सरकार विघटन गरी स्वाधीन संयुक्त सरकार निर्माण गर्नुपर्ने एजेण्डालाई प्रमुखतामा साथ अगाडि सारिरहेको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालकै नेतृत्व र पहलमा अन्य ६ वटा कम्युनिस्ट घटकबिचमा पनि संयुक्त मोर्चा निर्माण गरेर साम्राज्यवादका विरुद्ध र साम्राज्यवादी स्वार्थपूर्तिकै लागि प्रायोजित निर्वाचनको सशक्त बहिस्कार गर्ने मुद्दामा संयुक्त संघर्ष अगाडि बढिरहेको छ । यी मुद्दामा सहमत हुने अन्य केही वामपन्थी पार्टी र समुहहरू पनि गोलबन्द हुने क्रममा रहेका छन् ।

यतिखेर देश बचाउने र बनाउने असली वैकल्पिक पार्टी र शक्तिको रूपमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल र यसैको नेतृत्वमा बनेको क्रान्तिकारी संयुक्त मोर्चा बनेको छ । विश्वभर साम्राज्यवादी शक्ति अमेरिकाले आतंक सिर्जना गरिरहेको र अल्पविकसित साना राष्ट्रको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप गर्न थालेको अवस्थमा नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि पनि गम्भिर स्थिति पैदा भएको भन्दै राष्ट्रिय स्वाधीनताको लडाइँको तयारीमा जुट्नुपर्ने निष्कर्ष यो मोर्चाको रहेको छ ।

हालै एक कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय संयुक्त संघर्ष समितिका संयोजक समेत रहनु भएका क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवले देशको स्वाधीनता र सार्वभौमिकताको रक्षाका लागि स्वाधीनताको लडाइँ लड्नै पर्ने बताउनु भएको छ । उहाँले शुक्रबार ललितपुरको कुपण्डोल पार्टी कार्यालयमा पार्टी सम्बद्ध अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय भेलालाई सम्बोधन गर्ने क्रममा यस्तो बताउनु भएको हो ।

महासचिव सीपी गजुरेलले स्वाधीनताको लडाइँमा अमेरिकी साम्राज्यवादका विरुद्ध ग्रिनल्याण्डका जनताको विशाल प्रदर्शनबारेमा चर्चा गर्दै नेपालको स्वाधीनताको लडाइँमा पनि जनताको देशप्रेम नै आफ्नो पार्टी र संयुक्त मोर्चाको तागत भएको बताउनु भयो । अमेरिकी राष्ट्रपति डानाल्ड ट्रम्पले ग्रिनल्याण्ड कब्जामा लिने धम्की दिएपछि ग्रिनल्याण्डका लाखौलाख जनता सडकमा उत्रिएर देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा पक्षमा विशाल प्रदर्शन गरेपछि अमेरिकाको साम्राज्यवादी शासकले समेत सोच्न बाध्य भएको भन्दै उहाँले नेपालमा पनि अमेरिकी साम्रज्यवादी हस्तक्षेपका विरुद्ध स्वाधीनताको पक्षमा सशक्त रूपमा बाँकी ७ पेजमा

## बहिष्कार आन्दोलनलाई जनसंघर्षको रुपमा लिएका छौं-परि थापा

*स्थायी समिति सदस्य क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल*




*(क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य परि थापाले ६ राजनीतिक दलले २०८२ माघ ५ गते काठमाडौँमा आयोजना गरेको निर्वाचन बहिष्कार कार्यक्रमका सन्दर्भमा व्यक्त विचार)*

हाम्रो कुरा के हो भन्ने कुरा ब्यानरमै प्रष्ट लेखिएको छ। स्वाधीन संयुक्त जनसरकार निर्माण गर्ने, र यो नारालाई जनताको बीचमा लिएर जाने हामीले सोचाइ बनाएका छौं । हाम्रो देश नवऔपनिवेशिक अवस्थामा जकडिएको देश हो। १८१६ मा सुगौली सन्धि भएपछि नेपाल अर्ध औपनिवेशिक अवस्थामा रूपान्तरितभएकोथियो ।यहाँकोअर्थ सामाजिक बाँकी ७ पेजमा

# फुर्नाम्गेल मोक्तानको संयोजकत्वमा ३५ सदस्सीय समिति गठन




ललितपुर । तामाङ राष्ट्रिय मुक्ति मोर्चाको तेस्रो राष्ट्रिय भेलाले फुर्नाम्गेल मोक्तानको संयोजकत्वमा ३५ सदस्सीय राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गरेको छ ।

भेला २०८२ माघ ९गते ललितपुरमा सम्पन्न भएको हो । भेलाले सह संयोजकमा रङगवीर दोङ र शुरेश तामाङ रहनु भएको छ भने सदस्यहरूमा बाबुलाल लोप्चन, रवि तामाङ, कान्छामान थिङ, मंगल तामाङ, धनबहादुर तामाङ, ज्ञानबहादुर तामाङ, पदम तामाङ, डम्बर तामाङ, सुवाङ मोक्तान, जुवान सिङ तामाङ, चन्द्र बहादुर तामाङ, इन्द्र बहादुर तामाङ, कान्छी थिङ, रामकुमार दोङ, भिम तामाङ र अस्मिता गोले रहनु भएको छ । बाँकी रहेका सदस्यहरू पछि पूर्ति गर्ने निर्णय पनि भएको छ । भेलाले ५ जनाको कार्यालय गठन गरेको छ ।

भेलापछि तत्काल बसेको बैठकले १ वर्षभित्र भव्य रूपमा राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने निर्णय गर्दै मोर्चाको संयोजक फुर्नाम्गेल मोक्तानले वैठक समापन गर्नु भएको छ ।

## स्वाधिन संयुक्त सरकारको माग गर्दै संयुक्त सघर्ष समितिले बनेपामा विरोध प्रदर्शन




बनेपा । फागुन २१ को संसदीय चुनावले नेपालको राष्ट्रियता संकटमा पर्ने भएकोले स्वाधिन संयुक्त सरकारको माग गर्दै संयुक्त सघर्ष समिति कभ्रेले वनेपामा विरोध प्रदर्सन गरेको छ । दलाल संसदीय व्यवस्था असफल भैसकेको र साम्राज्यवादद्ववारा प्रायोजित चुनावले निकास नदीने भएकोले यो चुनावलाई वहिष्कार गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका थिए ।

विरोध प्रदर्शनमा विदेशीले पुराना पार्टीका दलालहरूवाट आफ्नो उदेस्य पुरा गर्न नसकेकोले नयाँनयाँ दलालहरू खोजिरहेको र नयाँ पार्टी र नयाँ पात्रलाई अघि सारेर देशलाई युद्धमा धकेल्न खोजेको नेताहरूले दावि गरेका छन ।

१० नंम्वर व्युरो सदस्य गोविन्द काफ्लेले संञ्चालन गरेको सो विरोध कार्यक्रमलाई नेकपा वहुमत काभ्रेका नेता लाल व विक , क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका विद्यर्थी नेता नेत्र शाहीले सम्वोधन गरेका थिए ।

# सिमरामा निर्वाचन बहिस्कार कार्यक्रम



सिमरा । सिमरामा निर्वाचन बहिस्कार सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८२ माघ २ गते सम्पन्न गरिएको छ । क्रान्तिकरी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य रामसिंह श्रीस पार्टीका केन्द्रीय वक्ता रहनु भएको थियो । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता वैज्ञानिक समाजवादीका धनबहादुर श्रेष्ठले गर्नु भएको थियो भने नेकपा बहुमतका दुर्गाले कार्यक्रमको सञ्चालन गर्नु भएको थियो । नेकपाका अनिल भण्डारी अतिथिको रूपमा उपस्थित रहनु भएको थियो ।सहीदप्रति एक मिनट मौनधारण गरेर संचालन गरिएको उक्त कार्यत्रक्रमा कर्णबहादुर बाँकी ७ पेजमा

# मार्क्सवाद र श्रमिक वर्गबीचको सम्बन्ध



● हुकुमबहादुर सिंह ●

मार्क्स र एङ्गेल्स क्रान्तिकारी समूहहरूमा गहिरोगरी कसरी संलग्न हुन पुग्नु भयो र उहाँहरूले कसरी कम्युनिस्ट लिगको नेतृत्व गर्न पुग्नु भयो, जुन युरोपियन देशहरूका क्रान्तिकारीहरूलाई संगठित गर्ने एउटा अन्तराष्ट्रिय संस्था थियो । उहाँहरूले कम्युनिस्ट लिगको कार्यक्रम- कम्युनिस्ट घोषणापत्रको ड्राफ्ट पनि गर्नु भयो , जसले विश्व ऐतिहासिक महत्व प्राप्त गऱ्यो । यद्धपि, त्यो समय १८४८मा मार्क्सवादको प्रभाव मजदुर वर्गको विशाल जनसमूहमा पुग्न अझै बाँकी नै थियो । कम्युनिस्ट लिगको प्रभाव सिमित थियो र यसमा मुख्यतः नीर्वासित मजदुरहरू र बुद्धिजीवीहरू थिए । वास्तवमा त्यो समयमा मार्क्सवाद समाजवादका अन्य घेरै प्रवृतिहरूमध्ये केवल एउटा प्रवृति थियो ।

१८४८को क्रान्ति, जुन विद्रोहको रूपमा युरोपियन महादेशभरी फैलियो । पहिलो प्रमुख ऐतिहासिक घटना थियो जहाँ मार्क्सवादले आफैलाई व्यवहारमा सिद्ध गऱ्यो । जब फ्रान्समा पहिलो पटक क्रान्ति विष्फोट भयो, त्यो समयमा मार्क्स र एङ्गेल्स ब्रशेल्समा हुनुहुन्थ्यो । ब्रशेल्स सरकारले क्रान्ति फैलने डरले मार्क्सलाई तुरून्तै ब्रशेल्सबाट निष्काशन गऱ्यो र उहाँलाई पेरिस छाडन दवाव दियो, जहाँ उहाँको एङ्गेल्ससँग भेट भयो । ता पनि जव जर्मनीमा क्रान्तिकारी लहर फैलियो क्रान्तिकारी आन्दोलनमा प्रत्यक्ष भाग लिनका लागि दुवैले तुरून्तै त्यहाँबाट जाने निर्णय गर्नु भयो ।

पेरिसमा रहदा उहाँहरूले मजदुरहरूका संगठनहरू र कम्युनिस्ट लिगका काममा ध्यान केन्द्रीत गर्ने कोशिस गनै भयो । उहाँहरूले एउटा दैनिक पत्रिका-न्यूए रेइनिश्चे जेइटिंग प्रकाशित गनै भयो, जसले क्रान्तिकारी लाइनको प्रचारप्रसारको बाँकी ३ पेजमा

## सम्पादकीय

# प्रश्नको घेराबन्दीमा नेपाली सेना

अहिलेको व्यवस्थाभित्रका तीनवटा सत्ता (सेना, अदालत र कर्मचारी प्रशासन) हुन् । जेनजी परिघटनापछि सत्ताको चाबी सेनाको हातमा पुगेको छ । यसअघि उसले समानान्तर सत्ता अभ्यास गर्दै आएको थियो । अहिले सम्पूर्ण सत्ता उसको नियन्त्रणमा पुगेको छ । सरकारले सेना होइन, सेनाले सरकार चलाइरहेको छ अहिले । चुनाव पनि सेनाले गराउँदैछ । यो प्रायोजित चुनावमा कसलाई जिताउने र कसलाई हराउने ? यस्ता हरेक चुनावमा सत्ताको दुरूपयोग हुने गरेको छ। यसपटक पनि नहोला भन्न सकिन्न । त्योभन्दा पनि महत्वपूर्ण र निकै गम्भिर प्रश्न चाहिँ के हो भने- सेनालाई चाहिँ कसले चलाइरहेको छ ? सेनाको पछाडि को छ ? भदौं २४ गते संसद भवन, सिंहदरबार, सर्वोच्च अदालतदेखि राष्ट्रपति भवनसम्म जलाउन सेनालाई किन तथाकथित आन्दोलनकारीलाई छुट दियो ? त्यसमा सेनाको के स्वार्थ जोडिएको थियो ? अहिले सर्वाधिक सोधीखोजी गरिनुपर्ने प्रश्न चाहिँ यही हो ।

जनयुद्धकालमा माओवादी नेता कार्यकर्ताहरूले तत्कालीन शाही सेनालाई 'शाही अमेरिकन सेना' भन्ने गर्दथे । माओवादी जनयुद्ध दबाउन अमेरिकी हतियार र सेनासहित युद्ध क्षेत्रमा आउन थालेपछि उनीहरूले यस्तो संज्ञा दिने गरेका थिए । 'रेन्जर गण' अमेरिकाबाट प्रशिक्षित सेनाहरू रहेको गण भएको भन्दै तत्कालीन माओवादी केन्द्रका नेता देव गुरुङले संसदमै 'रेन्जर गण'लाई अमेरिकन 'बेबी'को संज्ञा दिएका थिए ।

२०५८ सालमा नेपालमा माओवादी जनयुद्ध उत्कर्षमा पुगेकै बेला तत्कालीन अमेरिकी विदेशमन्त्री कोलेन पावेलले नेपालमा औपचारिक भ्रमण गरेका थिए । नेपाली सेना र अमेरिकी सेनाबीच संयुक्त सैनिक अभ्यासका रूपमा २०७२ सालदेखि 'ब्यालेन्स नेल' र 'टेकनेल' भइरहेका छन् । २०७२ वैशाख १२ मा नेपालमा भूकम्प गएयता अमेरिकी सेना र नेपाली सेनाबीचको सम्बन्ध अझ प्रगाढ बन्यो । भूकम्पका बेलामा तीनसय सयभन्दा बढी अमेरिकी सेना ६ हेलिकप्टरसहित नेपाल आएको थियो । उद्धारका क्रममा अमेरिकी सेना चढेको एक हेलिकप्टरले चीनको जासुसी गर्न खोजेको आरोप लागेको थियो । पछि सो हेलिकप्टर दोलखामा दुर्घटनासमेत भएको थियो । भूकम्पका बेलामा सहयोगका लागि नेपाल आएको अमेरिकी सेना त्यसयता संयुक्त अभ्यासमा विभिन्न समयमा आइरहेको छ । र, वर्षमा तीनदेखि चारवटासम्म संयुक्त सैन्य अभ्यासहरू हुने गरेका छन् । संकटकालमा माओवादी जनयुद्धलाई दबाउने क्रममा नै नेपाली सेना र अमेरिकी सेनाबीच सहकार्य सुरु भएको हो । जेठ २०७९ मा अमेरिकी सेनाका एसिया-प्रशान्त क्षेत्रका प्रमुख चार्ल्स ए. फ्लिन चार दिने औपचारिक भ्रमणका लागि नेपाल आएसँगै नेपाली सेना र अमेरिकी सेनाबीचको सम्बन्धबारे सबैको चासो बढ्यो ।

अमेरिकी सेनाको साविक एसिया प्यासिफिक कमान्ड (हाल इन्डो-प्यासिफिक कमान्ड) को सहयोगमा काठमाडौंको छाउनीस्थित विशेष फोर्स (रेन्जर गण) हाताभित्र करिब १८ करोड लागतमा 'रिजनल क्राइसिस म्यानेजमेन्ट सेन्टर' निर्माण गरिएको छ । सोहि सेन्टरमा नेपालमा कोभिड-१९ महामारीमा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मुख्य कार्यालय बनाएर काम गरिएको थियो ।

अमेरिकी सेनाले नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा भौतिक पूर्वाधार निर्माणमा सहयोग गरेको छ। नेपालले अमेरिकाबाट हातहतियारहरू पनि खरिद गर्दै आइरहेको छ। सन् २०१६ को अप्रिलमा तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीको अमेरिका भ्रमणको दौरानमा अमेरिकी सेनाले नेपाली सेनालाई एसपीपी अन्तर्गत चारवटा स्काईट्रक दिने वाचा गरेको थियो । जसमध्ये दुईवटा स्काईट्रक सन् २०१९ डिसेम्बरमा नेपाली सेनालाई हस्तान्तरण गरिएको थियो । थप दुई स्काईट्रक जेनजी परिघटनाको मुखैमा (१९, २०८२ मा) हस्तान्तरण गरेको थियो ।

नेपाली सेनाले यसअघि अमेरिकाको नेशनल गार्ड स्टेट पार्टनरसीप प्रोग्राम (एनजीएसपीपी) मा सहभागी हुन पत्राचार गरेको थियो । भूकम्पका बेला उद्धारका लागि नेपाल आएका अमेरिकी सैनिकले गरेको सहयोगको 'फिडब्याक'का आधारमा अमेरिकालाई पत्राचार गरिएको दाबी सेनाको थियो ।

क्षेत्रीले यस्तो पत्र पठाएको बेला प्रधानमन्त्री केपी शर्मा ओली थिए। सरकारकै स्वीकृतिमा सेनाले अमेरिकी राजदूत अलाइनना बी टेप्लिजलाई एसपीपीमा सहभागी हुन पत्र लेखेको थियो । नेपाली सेनाले प्रस्ताव गरेअनुसार नै नेपाललाई सन् २०१९ मा नेपाल एसपीपीमा छनौट भएको अमेरिकी दूतावासले सार्वजनिक गरेको थियो । एसपीपी अमेरिकाको इन्डोप्यासिफिक रणनीति (आईपीएस) अन्तर्गतको कार्यक्रम रहेको उसकै दस्ताबेजहरूमा उल्लेख छ। आईपीएस चीन लक्षित अमेरिकी सुरक्षा रणनीति हो। चीनले बीआरआई ल्याएपछि काउन्टर दिन अमेरिकाले आईपीएस ल्याएको हो ।

अमेरिकी सेनाले सन् २०१५ मै स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी)लाई अघि बढाउनका लागि नेपाललाई प्रस्ताव गरेको थियो । उक्त प्रस्तावअनुसार नेपाल र अमेरिकाको युटा राज्यबीचमा विपद् व्यवस्थापनको समयमा अपनाउनुपर्ने सावधानीबारे संयुक्त प्रशिक्षण हुनेछ भन्ने उल्लेख थियो ।

सन् २०१६ मा अमेरिकाको औपचारिक भ्रमणमा गएको बेला तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीलाई अमेरिकामा अन्तराष्ट्रिय 'हल अफ फेम'मा प्रधानसेनापति क्षेत्रीलाई सम्मान गरिएको थियो ।

अमेरिकी सेनाको उक्त शिक्षण संस्थाले त्यहाँबाट तालिम सम्पन्न गरी उच्च ओहोदामा पुग्न सफल भएकाहरूलाई यस्तो सम्मान दिने गर्दछ । हालसम्म अन्तराष्ट्रिय 'हल अफ फेम'मा बिभिन्न राष्ट्रका २ सय ६२ जना सम्मानित भइसकेका छन् । प्रधानसेनापति क्षेत्री सम्मानित भएका २ सय ६१ औं सदस्य हुन् । जेनजी परिघटना घटाएर आफू अनुकूल सरकार बनाउने र एसपीपीलाई बैधानिक रूपमा अनुमोदन गरेर नेपालीमा अमेरिकी फौजी ल्याउने डिजाइनका साथ जेनजी विद्रोहको प्रायोजनमा नेपाली सेना भूराजनीतिक स्वार्थमा परिचालित भएको त होइन ? भन्ने गम्भीर आशंका गर्ने ठाउँ घटनाक्रमले दिएको छ । यसको जवाफ सेनाले दिनुपर्छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# संसदवादी दलहरूको दुईजिब्रे नीति र देशको दुर्गति

**नेपालका चर्चित पार्टीहरू नेकपा(मसाल) र नेपाली कम्युनिष्ट पार्टीलगायतका पाँचवटा बामपन्थी पार्टीहरूले पनि अलग्गै गठबन्धन बनाएर विश्व साम्राज्यवाद र नेपालमा भैरहेको विदेशी हस्तक्षेपको बिरोध गरेका छन् । तर उनीहरूले उक्त गठबन्धनलाई आगामी निर्वाचनका लागिसमेत प्रयोगगर्ने प्रयास गरेको देखिएको छ । किनकी कतिपय स्थानमा नेपाली कम्युनिष्ट पार्टी र नेकपा(मसाल) उर्फ राष्ट्रिय जनमोर्चाका बीचमा तालमेल भएका कुराहरू बाहिर आएका छन् । कतिपय स्थानमा राजावादी र केही कम्युनिष्ट समूहका बीचमासमेत तालमेल भएको देखिएको छ । नेकपा(माले) लगायतका कम्युनिष्ट पार्टीहरूले निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्तागरेर पनि उम्मेदवार उठाएका छैनन् । कतिपयले निर्वाचनको मञ्चलाई संसदीय ब्यवस्थाको भण्डाफोरगर्ने थलोका रूपमा प्रयोग गरेको पनि देखिएको छ ।**



● डा. केशव देवकोटा ●

नेपालका संसदवादी दलहरूमा देखिएको दुइजिब्रे नीतिका कारणले नै देशको हालकोजस्तो दुर्गति भएकोभन्ने कुरा बिभिन्न घटनाक्रमहरूले स्पष्ट गरेका छन् । उनीहरूले आफ्नै पार्टीको नीति, सिद्धान्त र आदर्शको पार्टीभित्र पालना गराउन नसक्दा कतिपय पार्टीहरूमा हालैमात्र बिभाजनसमेत भएको छ। नेपालको ०७२ को संविधान, त्यस अनुसार देशमा लागूगराइएको बिद्यमान राजनीतिक ब्यवस्था र सो ब्यवस्थाका कारण देशमा बढ्दैगएको अन्योलका बारेमा हालको अवस्थामा गंभिर छलफलको आवश्यकता रहेको छ । जसमा मुख्यतया दुईवटा पक्षलाई ध्यानमा राखेर विश्लेषण गर्नुपर्ने हुन्छ । पहिलो संसदवादी दलहरूको नीति तथा रणनीति र दोश्रो तिनको कारणले उत्पन्न भएको देशको वर्तमान अवस्था र दुर्गतिका कुराहरू हुन् । यसमा नेपालको ००७ साल देखिकै प्रमुख संसदवादी दल माननिएको नेपाली कांग्रेस, ०४६ पछि संसदवादी दल बनेको एमाले र ०६३ पछि संसदवादी दल बनेको तत्कालीन माओवादी केन्द्र र हालको नेपाली कम्युनिष्ट पार्टीकाबीचमा रहेको अन्तर सम्बन्ध र पृथकताकाबारेमा पनि राम्ररी केलाउनुपर्ने हुन्छ। किनकी उनीहरूका बीचमा कहिले अस्वाभाबिक मिलन र कहिले अस्वाभाबिक फुट देखिँदै आएको छ । उनीहरूको इतिहास र अहिलेका क्रियाकलापमा प्रायः दुईजिब्रे नीति र अवसरवादी राजनीति देखिएको छ । उनीहरूले आफ्नो स्वार्थअनुसार नीति र प्रतिज्ञासमेत बदल्दै आएका छन् । निर्वाचनी घोषणापत्र र निर्वाचन प्रचारकाक्रममा उनीहरूले जनतालाई दिएको आश्वासनलाई समेत निर्वाचन सकिनासाथ भुल्ने गरेको देखिन्छ । त्यसैगरी निर्वाचन अघि जनतासँग गरेका बाचा र पछिल्लो समयमा गरेको कार्यकाबीचमा जहिले पनि बिरोधाभाष रहने गरेको छ ।

निर्वाचन आएपछि तिनै दलहरूले सत्तामा जानको लागि अपारदर्शी समझौतासमेत गर्नेगरेको देखिएको छ। निर्वाचनका लागि गैह्र सैद्धान्तिक गठबन्धन र पदका लागि आलोपालो प्रणाली नेपालमा चर्चित रहेको छ । बिभिन्न दलहरूले केवल सत्तामा जानको लागि फरक विचारधारा र अडान भएपनि गठबन्धन गर्नेगरेका अनेक उदाहारणहरू पनि रहेका छन् । जस्तो ०६३ को परिवर्तनपछि उनीहरूले गुलियो नाराकारूपमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई अगाडि सारेका थिए। तर समयक्रममा उनीहरूले त्यसलाई सफल बनाउन कुनैपनि प्रयास गरेनन्/गरिरहेका पनि छैनन् । उक्त नारा केवल सरकारमा पुग्नका लागि भऱ्याङका रूपमामात्र प्रयोग हुनेगरेको छ। जसलेगर्दा देशमा स्थिरता र नीति निर्माणमा स्पष्टताको कमी भएको छ। बारम्बार सरकारको नेतृत्व परिवर्तनगर्ने प्रचलनले देशको समृद्धि र दीगो विकासमा कुनै विशेष प्रगति देखिन नसकेको हो । कतिपय दलहरूले केवल सत्तामा आएपछि त्यसको अधिकतम उपयोगगर्ने र व्यक्तिगत र दलगत स्वार्थलाई प्राथमिकता दिने गरेका छन् । पछिल्ला दिनमा नेपालका कतिपय पुराना र ठूला दलका कतिपय नेताहरूमा समेत देशको भबिश्यकाबारेमा चिन्ता र चासो बढेर गएको देखिएको छ । गत शनिबारमात्र एमालेका अध्यक्ष केपी ओलीले एक कार्यक्रममा बोल्दै अहिलेको राजनीतिक परिस्थिति देश जित्नेकि देश हार्ने निर्णायक मोडमा पुगेको बताएर देशभक्त नेपालीहरूको ध्यानाकर्षण गराउने प्रयास गर्नुभएको थियो । उहाँले देशलाई जिताउने पक्षमा उभिन सबैलाई आह्वानसमेत गर्नुभएको थियो । त्यसो त उहाँले आफू सत्ताबाट हट्नु परेपछि नेपालमा डिप स्टेटका गतिबिधिकाबारेमा टिकाटिप्पणी गर्ने प्रयास पनि गर्दैआउनु भएको छ। त्यसैगरी गत पुसको अन्तमा नेपाली कांग्रेस बिभाजन हुँदैगर्दा संस्थापन पक्षका सभापति शेरबहादुर देउवालेसमेत भूराजनीतिका कारण आफ्नो पार्टीमा बिग्रहको अवस्था आएको र फुटको अवस्था सिर्जना भएको टिप्पणी गर्नुभएको थियो । हाल आगामी निर्वाचनका लागि एउटै टिकट र निर्वाचन चिन्ह लिएर अगाडि बढेपनि देउवा र गगन थापा समूहका बीचमा खिचातानी बढेर गएको देखिएको छ। उनीहरूमा पदका लागि मिल्ने र संगठनका लागि बिभाजन हुने अभियानमा लागेका छन् । त्यसैगरी गत सातामात्रै नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले देश अझैपनि संकटमा रहेको बताउँदै दुर्घटनामा पर्नसक्ने खुलाशा गर्नुभएको थियो ।

गत साता काठमाडौंमा आयोजित एक पार्टी प्रबेश कार्यक्रममा बोल्दै उहाँले उपरोक्त कथन अगाडि सार्नुभएको थियो । त्यसक्रममा उहाँले बलियो राष्ट्रिय शक्ति निर्माणगर्न सकिएन र जनतामा एकता पैदागर्न सकिएनभने फेरि पनि देशमा राजनीतिक दुर्घटना हुनसक्नेभन्दै दुर्घटना पुरै टरीसक्यो भन्ने अवस्था नरहेको बताउनु भएको थियो । हुन त उहाँले यसअघि ०८१ साउनको शुरुतिर आफू सरकारको नेतृत्वबाट हट्नु परेको झोकझाकमा सिंहदरबार जल्नसक्ने र नेपालमा बंगलादेशकोजस्तो घटना दोहोरिएर त्यतिबेलाका प्रधानमन्त्रि केपी ओली बालुवाटारबाट हेलिकोप्टर चडेर भाग्नुपर्ने अवस्था आउन सक्ने बताउनु भएको थियो । जसलाई सरकारी पक्षले आफ्नो नोटमा लिन नसके पनि उहाँले गत भदौ २३ र २४ गते भएको बिध्वंशपछि आफ्नो भबिश्यबाणि सफल भएकोभन्दै बिभिन्न सार्बजनिक कार्यक्रममा आत्मप्रशंसा गरेको समेत देखिएको थियो ।

नेता दाहालले गत भदौ यता नेपाल गंभिर संकटमा परिसकेको पटक, पटक बताउँदै आउनु भएको छ। हुन त क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सीपी गजुरेलको मूल्यांकन पनि देश गंभिर संकटतर्फ धकेलिएको भन्नेनै रहेको छ। उहाँले पनि गत भदौमा भएको जनेजी आन्दोलनपछि मुलुकको स्वाधीनतामाथि गम्भीर संकट पैदाभएको खुलाशा गर्नुभएको छ। ललितपुरको कुपण्डोलस्थित पार्टी कार्यालयमा गत शुक्रबार पार्टी सम्बद्ध अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको तेश्रो राष्ट्रिय भेलालाई सम्बोधनगर्ने क्रममा उहाँले उपरोक्त कुरा बताउनु भएको थियो । तर सत्ता र शक्तिमा नरहेका कारण क्रान्तिकारीका महासचिव गजुरेलको मूल्यांकन पृथक खालको हुनसक्ने देखिएको छ । पछिल्लो समयमा विदेशीकै चलखेलमा परेर नेपाली कांग्रेस बिभाजित भएपछि सर्बत्र नेपालमा बढ्दैगएको भारतीय र अमेरिकी प्रभाव तथा उनीहरू बीचको खिचातानीको चर्चा हुनथालेको छ ।

त्यसो त नेपालका चर्चित पार्टीहरू नेकपा(मसाल) र नेपाली कम्युनिष्ट पार्टीलगायतका पाँचवटा बामपन्थी पार्टीहरूले पनि अलग्गै गठबन्धन बनाएर विश्व साम्राज्यवाद र नेपालमा भैरहेको विदेशी हस्तक्षेपको बिरोध गरेका छन् । तर उनीहरूले उक्त गठबन्धनलाई आगामी निर्वाचनका लागिसमेत प्रयोगगर्ने प्रयास गरेको देखिएको छ। किनकी कतिपय स्थानमा नेपाली कम्युनिष्ट पार्टी र नेकपा(मसाल) उर्फ राष्ट्रिय जनमोर्चाका बीचमा तालमेल भएका कुराहरू बाहिर आएका छन् । कतिपय स्थानमा राजावादी र केही कम्युनिष्ट समूहका बीचमासमेत तालमेल भएको देखिएको छ । नेकपा(माले) लगायतका कम्युनिष्ट पार्टीहरूले निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्तागरेर पनि उम्मेदवार उठाएका छैनन् । कतिपयले निर्वाचनको मञ्चलाई संसदीय ब्यवस्थाको भण्डाफोरगर्ने थलोका रूपमा प्रयोग गरेको पनि देखिएको छ। यसरी कतिपय पार्टीहरूले नेपालमा विदेशी हस्तक्षेप बढेको कुरालाई उठाएर आगामी निर्वाचनमा देशभक्त शक्तिहरूको सहानुभूति मत लिन खोजेको पनि देखिएको छ। गत भदौ २३ र २४ गते नेपालमा खास उमेर समूहको आह्वानमा आन्दोलनको आयोजना गरेर जुन बिध्वंश मच्चाइयो, त्यसका पछाडि पनि बिभिन्न विदेशी शक्तिकेन्द्रहरूको हात रहेको र नेपालमा राजनीतिक अस्थिरता बढाएर खेल्नका लागि उनीहरूले त्यस्तो हर्कत गरेकोभन्ने ब्याख्या र बिश्लेषणहरू भैरहेका छन् । खासगरी भारतीय र अमेरिकी सञ्चार माध्यमहरूले गत भदौमा भएको बिध्वंश र हाल नेपालमा गराउन लागिएको निर्वाचनका बारेमा बिभिन्न कोणबाट खुलाशा गरेका छन् । उनीहरूको बिश्लेषण पनि नेपालमा विदेशी शक्तिकेन्द्र र तिन्का नेपाली दलालहरूका बीचमा टकराव बढ्दैगएको भन्नेमा केन्द्रित रहने गरेको देखिन्छ ।

खासका देशको अस्थित्वको सवाल कुनै भाषणमात्र गर्ने बिषय होइन । यस्तो अवस्थामा संसदवादी दलहरूको दुई जिब्रे नीतिलाई देशको दुर्गतिसँगसमेत जोडेर ब्याख्या र बिश्लेषण हुनुसक्नुपर्ने अवस्था छ । नेपालमा संसदवादी दलहरूको दुईजिब्रे नीति र अन्य अस्थिर राजनीतिका कारण बिभिन्न समस्याहरू उत्पन्न भएका छन् । यी समस्याहरूको मुख्यकारण भनेको राजनीतिक अस्थिरता, बारम्बारको सरकार परिवर्तन र आन्तरिक झगडानै हो । जसले नेपाली जनतालाई सरकारका निर्णय र योजनामाथि अविश्वासगर्न प्रेरितसमेत गरेको देखिएको छ। नेपालको अर्थतन्त्र मुख्यतः कृषि र रेमिटेन्समा निर्भर रहेको छ। तर, राजनीतिक अस्थिरता र नीति योजना दुवैमा समस्या भएका कारण दीगो विकासको मार्गमा अगाडि बढ्न कठीनाइ भएको छ। सरकारको गलत नीतिकै कारण नेपालको जनशक्ति पलायन भएका कारण एकातिर खेतबारी बाँझो हुनेक्रम बढेको छभने अर्कातिर आगामी निर्वाचनका लागि पर्यात म्यादी प्रहरीसमेत नपाउने अवस्था सिर्जना भएको छ। नेपालको बजेटको अधिकांश हिस्सा राजनीतिक परिचालन, ऋण तिर्न र प्रशासनिक खर्चमा जान्छ । जसले आधारभूत विकास कार्यहरूमा कमी ल्याउँछ। भ्रष्टाचार र नीतिगत कमजोरीहरूको कारण सरकारी योजनाहरूको सही कार्यान्वयनमा समस्या देखापर्ने गर्दछ ।

यस्तो अवस्थामा जनताको सेवा र सरकारी कार्यसम्पादनमा सुधारको आवश्यकता छ। नेपालले ०७२ मा नयाँ संविधान अंगीकार गरेपछि संघीयतामा आधारित संरचनामा कामगर्न थालेको हो । तर, संघीयता लागूगर्नेक्रममा बिभिन्न दलहरूले आफ्ना स्वार्थ र प्राथमिकताअनुसारका कामहरू गर्नेगरेका छन् । जसलेगर्दा स्थानीय तहमा अझै पनि बिवाद र समस्या कायमै रहेको देखिएको छ । राजनीतिक स्थिरता, भ्रष्टाचारको समाप्ति, र दीगो विकासका लागि सबै दलहरूले स्पष्ट र जनमुखी नीति अपनाउनको आवश्यकता छ। त्यसैले हालको अवस्थामा नेपालमा बढ्दो विदेशी हस्तक्षेपको अन्त्यका लागि प्रयासगर्नु सबैको परम कर्तब्य भएको छ। संसदवादी दलका नेताहरूको दुईजिब्रे भनाई र चरम अवसरवादी राजनीतिले देशलाई थप संकटमा धकेल्छ। यो सबैले समयमै बुझ्नुपर्ने कुरा हो ।

# हरिबोल गजुरेल र महेश्वर दाहालसहित सात नेता नेकपाबाट निष्कासन

काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले हरिबोल गजुरेल र सहित सात नेतालाई पार्टीबाट निष्कासन गरेको छ। उनीहरूलाई पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध पार्टी निर्देशन विपरीत उम्मेदवारी गर्दा गरेको तथा सो कार्यमा सघाएको आरोपमा कारबाही गरिएको सो पार्टीले जनाएको छ ।

पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ - 'आगामी फागुन २१ गते हुन गइरहेको आम निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट आधिकारिक उम्मेदवार रहेका निर्वाचन क्षेत्रमा पार्टीको निर्णय र निर्देशनविपरित





उम्मेदवार बनेका र त्यस्ता उम्मेदवारका प्रस्तावक, समर्थक तथा प्रचारक बनेका तपसिलका व्यक्तिहरूलाई पार्टी विधानको दफा १०६ बमोजिम अनुशासनको कारबाही गर्दै पार्टीबाट निष्कासन गरिएको जानकारी गराइन्छ ।'

कारबाहीमा पर्नेमा गजुरेलसहित, महेश्वर दाहाल (सिन्धुली), कुलप्रसाद केसी (दाङ), मेजर राई (उदयपुर),धर्मनाथ साह (सिराहा), राजकुमारी साह (सिराहा), जिवछ साह (सिराहा) रहेका छन् । दाहालले सिन्धुली २ बाट र केसीले दाङ १ बाट उम्मेदवारी दिएका थिए ।

# कम्युनिस्ट भन्नेले नै कम्युनिस्टको बाटो छेकिरहेका छन्

**डिल्ली जंग तमु नेपाली कम्युनिस्ट आन्दोलनमा एक सुपरिचित नाम हो। वि.सं. १९९४ माघ २ गते बुबा नरे सुब्बा र आमा सनी रनीको कोखबाट डिल्लीजंगको जन्म भएको थियो। उहाँको जन्मस्थल उहाँको पुर्ख्यौली थलो मनाङ जिल्लाको धारापानी गाउँ (हाल धारापानी गाउँपालिका) मा भएको थियो। बुबा आमाका डिल्लीजंग जेठो छोरो हुनुहुन्छ। उहाँका माहिला भाइ मानजंग, साहिलो भाइ देवीजंग र कान्छा भाइ धिरजंग हुनुहुन्छ। उहाँका दुईटी बहिनी हुनुहुन्थ्यो। कान्छी बहिनीको नाम कन्यादेवी थियो। जेठी बहिनीको नाम उहाँले बिर्सिसक्नु भएको छ। उहाँका माहिला भाई मानजंग र साहिलो भाई देवी जंगको मृत्यु भइसकेको छ। मनाङमा मानजंग र देवीजंगका सन्तानहरुसित बस्नु हुन्छ। काठमाडौं आउँदा डिल्ली जंग तमु कान्छ भाइ धिरजंगको साथमा बस्नुहुन्छ। उहाँका श्रीमती र सन्तान छैनन्। भाई धिरजंग भक्तपुर गठ्ठाघरमा एउटा स्कूलको क्यान्टिन चलाउनु भएको छ। धिरजंग क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सम्बद्ध हुनुहुन्छ र डिल्लीजंग पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमै आबद्ध हुनुहुन्छ। करिव ५ वर्ष पहिले डिल्ली जंगलाई प्यारलाइज (पक्षघात)ले हान्यो। त्यसकारण उहाँको बोलीमा प्रष्टता छैन। तैपनि जेनतेन उहाँ सम्वाद गर्न सक्नुहुन्छ। डिल्लीजंग मनाङ जिल्लाको कम्युनिस्ट आन्दोलनको संस्थापक सेक्रेटरी हुनुहुन्छ। उहाँले औपचारिक शिक्षा लिनु भएको छैन। तर उहाँले आधा दर्जन भन्दा बढी पुस्तक लेख्नु भएको छ। यस पटक हाँक साप्ताहिले डिल्लीजंग तमुसित गरेको कुराकानी सान्दर्भिक रहेकोले यहाँ साभार गरी प्रस्तुत गरिएको छ :**



## वामपन्थी नेता- डिल्लीजंग तमु

***पुरानो जमानाको मानिस हुनुहुन्छ। यहाँले शिक्षा कहाँ,मसम कसरी प्राप्त गर्नुभयो ?***

मैले स्कूलमा पढ्न पाइन किनभने त्यतिबेला मनाङमा स्कूल नै थिएन। मेरो गाउँ धारापानी हो। अहिले पनि धारापानीको नाथे भन्ने गाउँमा मेरो जन्म भएको हो। तर मैले अध्ययन गरेको गाउँ बडार गाउँ हो। गाउँमा स्कूल थिएन। गाउँलेहरू मिलेर बडारगाउँमा लमजुङबाट एक जना ब्राम्हणलाई केटाकेटी पढाउनका लागि मास्टर ९शिक्षक० का रूपमा लगिएको थियो। एक महिनामा एक विद्यार्थीले रु। १० तिर्ने गरी उनलाई शिक्षक राखिएको थियो। एक वर्षमा ६ महिना पढाएर उनी घर फर्कन्थे। मैले ६/६ महिना गरी २ वर्ष पढेको थिएँ।

बाँकी त मेरो स्वअध्ययनबाट मात्र मैले जाने बुझेको हुँ।

***राजनीतिप्रति यहाँको चासो कसरी पलायो ?***

२०१८ सालतिरको कुरा हो म र गणेशबहादुर गुरुङ चितवनको नारायणघाट गएका थियौं। पंचायती व्यवस्था आइसकेको थियो। म त्यतिखेर २४ वर्षको उमेरको थिएँ। त्यहाँ मनाङ जिल्ला चामे गाउँको मान्छेको होटेल थियो। गुरुङ भनेपछि कांग्रेस ठानेर पंचायतले गोली हान्न सक्छ। के जातिको हो भनेर सोधेमा "भोटे" हुँ भन्नु गुरुङ नभन्नु भनेर चितवन बस्ने हाम्रो साथी नुर्बुले भन्यो। हामी युवालाई रिस उठ्यो। यदि हामीलाई "गुरुङ" हौं भन्दा गोली हान्छ भने हामीले उसलाई पनि मारिदिन सक्छौं भन्ने आक्रोश हामीमा जाग्यो। मेरो विचारमा त्यतिबेलादेखि नै ममा राजनीतिक चेतना जागृत भएको हुनुपर्दछ।

***कम्युनिस्ट पार्टीप्रतिको तपाईंको झुकाव कसरी बन्यो ?***

खगेन्द्रजंग गुरुङको नाम सुन्नु भएकै होला। उहाँको घर मनाङ र लमजुङ दुवै ठाउँमा थियो। यही २०८२ सालमा केही महिना पहिले ९३ वर्षको उमेरमा उहाँको मृत्यु भयो। उहाँ आफ्नो समयको टाठोबाठो मानिस हुनुहुन्थ्यो। म पनि लामिछाने गुरुङ, उहाँ पनि लामिछाने गुरुङ, साइनो लाग्दथ्यो। राजाले उहाँलाई चीन भ्रमणमा पठाएको रहेछ। राजा महेन्द्रको चिठी लिएर चीनमा माओलाई भेट्न गएका थिए। चिनियाँ पुस्तकहरू "रातो लालटिन", "ओ याङ्ग हाइको गीत" जस्ता पुस्तकहरू उहाँले घर ल्याउनु भएको रहेछ। उहाँले हामीलाई ती किताव पढ्न दिनुभयो। कम्युनिस्ट भनेको धनी र गरिव नहुने, सबैले काम गर्ने, सबैले खान लाउन पाउने व्यवस्था हो र यो राम्रो व्यवस्था हो भन्ने छाप हाम्रो दिमागमा पर्‍यो। चीनबाट आएका ती किताबहरू निकै जाँगरले पढियो। नबुझेका कुरा कलमले चिन्ह लगाइन्थ्यो र अरुसित छलफल गरिन्थ्यो। चीनबाट आएका किताबले कम्युनिस्ट पार्टीप्रति झुकाव बढायो।

***कम्युनिस्ट पार्टीमा कसरी आबद्ध हुनुभयो ?***

निर्मल लामा पार्टीका महासचिव भएका बेला अनेरास्ववियुका केन्द्रीय नेता तारा न्यौपाने मेरो घर मनाङ पुगेका थिए। तारा न्यौपाने लमजुङका थिए। तारा न्यौपाने मेरो घर पुग्नुभन्दा पहिले हामी कम्युनिस्ट सिद्धान्तप्रति आस्थावान भइसकेका थियौं। तर कमिटीमा आबद्ध थिएनौं। मनाङबाट फर्किए पछि तारा न्यौपानेले पार्टीका नेताहरूलाई भनेछन्, "मनाङमा कम्युनिस्टहरू रहेछन्। खै तपाईहरू के हेरेर बसेको पार्टीका नेताहरूले रु पार्टीमा संगठित गर्नुपर्दैन ?"

निर्मल लामा महासचिव ९२०३४-२०३६० भएका बेला मनाङमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो। केन्द्रीय नेता चित्रबहादुर के।सी। सहित ३ जना मनाङ पुग्नु भएको थियो। मेरो गाउँ सोध्दै उनीहरू मनाङको ताचे पुगेर बास बसेछन्। अर्को दिन मेरो घर पुगे। चित्रब। के।सी। समेतको उपस्थितिमा ३ जनाको नेकपा मनाङ जिल्ला संगठन समिति बनेको थियो। जसको सेक्रेटरी म थिए भने अरु दुई जना खड्वीर गुरुङ र गणेशबहादुर गुरुङ थिए। निर्मल लामाले हामीलाई गोरखपुर बोलाउनु भएको थियो। पंचायतकालमा हामी गोरखपुर पुगेर प्रशिक्षण लिएका थियौं।

***२०४० मा पार्टी विभाजन हुँदा तपाई कतातिर लाग्नुभयो ?***

म निर्मल लामाको पक्षमा रहैं।

***तपाईपछि मनाङमा पार्टीमा कोको आए ?***

खड्गिवर गुरुङ, गणेशबहादुर गुरुङ, धिरजंग गुरुङ, मेघलाल गुरुङ, कपिल लामा, बेदे गुरुङ लगायत मनाङको कम्युनिस्ट पार्टीमा आए। देवराज गुरुङ विद्यार्थी कालदेखि नै पार्टीमा लागेका हुन्। बुढो हुँदै जाँदा पुराना कुरा पनि बिर्सिइने रहेछ। उनीहरू अहिले प्रचण्डको पार्टीमा छन्।

***निर्वाचनमा उम्मेदवार बनेको अनुभव पनि छ। सुनाउनु न ?***

२०५१ मा पार्टी विभाजन हुँदा म निर्मल लामा भएकै पार्टीमा बसे। धेरैपछिसम्म नारायण काजी, अमिक शेरचन, लिलामणि आबद्ध भएकै पार्टीमा बसें। म संयुक्त जनमोर्चा नेपालको तर्फबाट एक पटक मनाङबाट सांसदको उम्मेदवार उठें। अरु सबै उम्मेदवारलाई पैसा दिएर नेपाली कांग्रेसका पाल्टेन गुरुङले उम्मेदवार नै नउठ्ने बनाएछन्। यहाँ पहाडको बाटो खन्ने जिम्मा पनि मेरो भयो। तपाईलाई मैले के सहयोग गर्नु पर्छ गर्छु। तर तपाई चुनावमा नउठ्नुस भनेर मलाई पाल्टेनले किन्न खोज्यो। म पैसामा किनबेच हुने मान्छे थिएन। पछि अमिक शेरचनले व्यक्तिगत भेटमा सोधेछन्, "हाम्रो मान्छेलाई कतिसम्म पैसा दिन खोज्नु भएको थियो रु" पाल्टेन गुरुङले भनेछन्, "पैसा खा भन्दा पनि खान नमान्ने। मैले २५ लाखसम्म उसलाई दिन खोजेको थिएँ। ऊ मान्दैन। त्यो त अचम्मैको मान्छे रहेछ। सुन जोखेर दिए पनि लिन्न भनेर भन्यो।" चुनावमा उम्मेदवारको अनुभव यस्तै यस्तै छन्।

***जीवनको लामो कालखण्ड अमिक शेरचन र नारायणकाजीले नेतृत्व गरेको पार्टीमा रहनुभयो। तपाई यता वैद्यजीले नेतृत्व गरेको पार्टीमा लाग्नु भयो किन ?***

प्रचण्डसहित उनीहरू अव कम्युनिस्ट रहेनन् भन्ने मेरो मनले बुझ्यो। म वैद्य भनेर, प्रचण्ड भनेर पार्टीमा लागेको हैन। पैसा र पदको लोभले पनि पार्टीमा लागेको हैन। पार्टीमा लागेर भूमिगत जीवन बिताइयो। मनाङबाट रातारात हिंडेर काठमाडौं आएको पनि हुँ। देश र जनताले मुक्ति पाउँला भनेर कम्युनिस्ट पार्टीमा लागेको हुँ। यहाँ अहिले धेरै जसो आफ्नो स्वार्थमा मात्र ध्यान दिन्छन्। प्रचण्डले चुनवाङ बैठकबाटै दक्षिणपन्थी संशोधनवादको बाटो समाएका हुन्। अहिले त हुँदाहुँदा सिद्धान्तबाट माओवादलाई नै हटाएछन्। माओवाद नै छाडेछन्। कम्युनिस्ट भन्नेहरू सबै निजी स्वार्थपछि दौडिएको देख्छु। वैद्यले नेतृत्व गरेको पार्टी अरु भन्दा यही नै कम्युनिस्ट हो भन्ने लागेर म यो पार्टीमा लागें। अहिले कम्युनिस्ट भन्नेले नै कम्युनिस्टको बाटो छेकिरहेका छन्।

***अब अलि फरक प्रसंगमा कुरा गरौं। तपाई गुरुङ जातिको बारेमा अध्ययन गर्दै आउनु भएको छ। गुरुङहरूको उत्पत्ति कहाँबाट भयो ?***

चीन र मंगोलियाको बीचमा एउटा "कोकोनोर" भन्ने तलाउ/सागर छ। मंगोलियन भाषामा र चिनियाँ भाषामा "को कोनुर" भन्छ। "नोर" र "नुर" जे भने पनि एउटै कुरा हो। नोरको अर्थ "लक्षिणको" भन्ने हुन्छ। हामी मंगोलियनहरू गुरुङ, मगर, तामाङ, राई, लिम्बु सबै त्यतैबाट आएका हौं। जाति, थरपछि छुट्टिदै गएका हुन्। मानिसहरू छुट्टिदै जाँदा अलग अलग भाषा, अलग अलग लिपी, जाति, थरहरू बन्दै गएका हुन्। नेपालमा गुरुङ, तामाङ, थकाली, छन्त्याल भाषा, संस्कृतिका हिसावले नजिक देखिन्छन्। तर भेषभुषा, गीत, संगीतका हिसावले गुरुङ र मगर नजिक देखिन्छन्।

***तमु र गुरुङमा के फरक छ ?***

तमु हाम्रा पुर्खाहरूले भन्दै आएको पुरानो जातीय पहिचान हो। गुरुङ पछि क्षेत्री, ब्राम्हणले राखिदिएको जातीय पहिचान हो।

***गुरुङमा पनि त ४ चार जाते र १६ जाते विभाजन छ नि। चार जाते भन्नाले लामा, लामिछाने, घले, घोताने भन्छन्।***

*बाँकी ७ पेजमा*

## मार्क्सवाद...

एउटा मुखपत्रको रूपमा काम गर्‍यो। मुखपत्रले पुँजीवादी प्रजातान्त्रिक क्रान्तिको पूर्णताको रूपमा रेडिकल पुँजीवादी प्रजातान्त्रको समर्थनमा जर्मनीमा प्रपुख कार्यको लाइन लियो। यसको साथै पत्रिकाले जर्मनीमा उदाउदो क्रान्तिकारी सर्वहारा पार्टीको संगठकका रूपमा संगसंगै काम गर्‍यो। मार्क्स र एङ्गेल्सले जर्मनका विभिन्न प्रान्तहरूका मजदुर संगठनहरूलाई संगठित गर्दै एउटा विशाल मजदुर पार्टी निर्माणको कोशिस पनि गर्नु भयो। पत्रिका एक वर्षसम्म टिक्यो। युरोपका अन्य भागहरू र जर्मनीमा क्रान्तिको विघटनसंगै पत्रिकालाई वन्द गर्न दवाव आयो र मार्क्सलाई प्रुशियन राजाद्धारा निष्काशन गरियो। उहाँ पुन पेरिस फर्कनु भयो तर त्यहाँबाट पनि केन्द्रीय अधिकारीहरूद्धारा गरिएका उत्पीडनले गर्दा छाडनु पर्ने भयो। एङ्गेल्सले अन्त्यसम्म क्रान्तिकारी आर्मीहरूमा सेनाको रूपमा लड्दै जर्मनमा नै रहनु भयो। सैनिकले हार खाएपछि १८४९को अन्त्यतिर उहाँ त्यहाँबाट उम्किएर मार्क्ससंग मिसिनु भयो। उहाँले त्यसपछिका वर्षहरू लण्डनमा विताउनु भयो। इंगलैण्ड त्यस पछिको जीवनको अन्त्यसम्म उहाँहरूको केन्द्र बनीरहयो।

१८४८को क्रान्तिको हारले युरोपभरका क्रान्तिहरू र सर्वहारा एक्टिभिष्टहरूबीचमा भ्रम फैलाउने काम गर्‍यो। बहुसंख्यक समाजवादीहरूका पहिलेका प्रभाव भएका प्रवृतिहरू/धारहरूले क्रान्तिका दौरानका घटनाहरूका शिलशिलाका लागि के कारण हुन सक्छ ? त्यस सम्वन्धमा कुनै पनि सही बुझाई दिन सकेनन्। यो एउटा यस्तो वातावरण थियो कि मार्क्सले सुरूको र पछि क्रान्तिको हारका पछाडिका सामाजिक शक्तिहरूवारे वर्णन गर्ने कामको जिम्मेवारी लिनु भयो। किनभने फ्रान्स क्रान्तिको उन्नती र पतन दुवैको केन्द्र र प्रमुख सुरूवात विन्दु थियो। मार्क्सले फ्रेन्च घटनाहरूमाथि उहाँको विश्लेषण केन्द्रीत गर्नु भयो। यो काम उहाँले फ्रान्समा १८४८ देखि १८५०सम्म भएका वर्गसंघर्षहरू,र लुइस बोनापार्टको १८रौ ब्रुमेयर जस्ता उहाँका प्रतिभाशाली कामहरूमार्फत गर्नु भयो। उहाँहरू मार्क्सका इतिहासको भौतिकवादी अवधारणाको माध्यमद्धारा वर्तमान एतिहासिक घटनाहरू वर्णन गर्नका लागि पहिलो प्रयासहरू हुनुहुन्थ्यो। उहाँले यसरी क्रान्तिकारी सर्वहारा कार्यनीतिहरूका लागि वर्ग आधार प्रदान गर्नु भयो। विभिन्न चरणहरूमा विभिन्न वर्गहरूको भूमिकालाई उद्धाटित गर्दै उहाँले देखाए क्रान्तिका मित्रहरू र शत्रुहरू को थिए र त्यसकारण ती प्रत्येकसंग सर्वहाराको पद्धति के हुनु पर्दछ भनेर देखउनु भयो।

पछिल्ला अवधिमा, मार्क्सले विश्वभरीका सबै प्रमुख राजनीतिक घटनाहरूमाथि उहाँका लेखहरूलाई निरन्तरता दिनु भयो। ती सबै लेखहरूमा उहाँले सर्वहारा दृष्टिकोणबाट एउटा स्पष्ट परिदृश्य प्रस्तुत गर्नु भयो। यसले उहाँहरूलाई समाजवादका सबै अन्य प्रकारहरूबाट पृथक बनायो, जसले लगातार बदलिदो विश्व परिस्थितिलाई वास्तविक उत्तरहरू दिनको लागि असक्षम प्रमाणित भएको थियो। यसले स्पष्टसंग विश्वलाई बुझ्न र वदल्नका लागि एउटा व्यवहारिक हतियारका रूपमा समाजवादका अन्य ब्राण्डहरूमाथि मार्क्सवादको उच्चता स्थापित गर्‍यो।

त्यसैगरी, मार्क्स र एङ्गेल्सले मजदुर वर्गका कमजोर र टुक्रिएका संगठनहरूलाई संगठित गर्नका लागि निकै परिश्रम र उत्साहित भएर काम गर्नु भयो। कम्युनिस्ट लिग जस्को प्रमुख केन्द्र जर्मनीमा रहेको थियो, प्रुशियन प्रहरीबाट निकै दमन झेल्नु पर्‍यो। जर्मनीमा रहेका यसका धेरै सदस्यहरूलाई जेलमा राखियो र संगठन आफै अन्त्यमा १८५२ नोभेम्वरमा विघटन गरियो। १८४८को क्रान्तिको असफलतापछिका प्रतिक्रियाको लामो अवधिभर मार्क्स र एङ्गेल्सले सर्वहारा वर्गीय आन्दोलनलाई पुनर्जीवित गर्न र पुनसंगठित गर्न लगातार कोशिस गर्नु भयो। लगातार लेखहरू लेख्ने र प्रकाशन गर्ने उहाँहरूको कामहरूको अतिरिक्त, उहाँहरूले विभिन्न देशहरू खासगरी इगलैण्ड, फ्रान्स र जर्मनीमा मजदुर वर्गका संगठनहरूसित लगातार सम्पर्क कायम गर्नु भयो। उहाँहरूको लगातारको प्रयास मजदुर वर्गको एउटा अन्तराष्ट्रिय संगठन निर्माण गर्नु थियो र औधोगिक रूपले विकसित देशहरूमा सर्वहाराको वेग्लै पार्टीहरू स्थापना गर्नु थियो।

यो क्षेत्रमा रहेको प्रमुख काम मार्क्सद्धारा गरिएको थियो। उहाँले ज्यादै कठिन अवस्थाहरू अन्तरगत रहेर यो अवधिभर काम गर्नु भयो। विभिन्न देशहरूका सरकारहरूले आ-आफ्नो देशबाट निष्काशन गरेपछि पनि मार्क्स लण्डनमा बसाई गर्नू भयो, त्यहाँ पनि उहाँहरू खासगरी प्रुशियाका गुप्त प्रहरीको लगातार निगरानीमा हुनुहुन्थ्यो। राजनीतिक दवावको अतिरिक्त मार्क्सको अर्थिक अवस्था सधैभरी धेरै खराव थियो। त्यो समयमा क्रान्तिकारी मजदुर वर्गको आन्दोलनको अवस्था कमजोर र असंगठित भएकाले, उहाँलाई एउटा पूर्ण कालिन रूपमा सहयोग गर्न यो असमर्थ थियो। यसरी उहाँको कमाइको एउटा मात्रै स्रोत एउटा ठूलो अमेरिकन न्यूजपेपर-द न्यू योर्क ट्रिब्यूनका लागि उहाले लेखको प्रति लेख वापत पाउने पारिश्रमिक थियो। यो वास्तवमा मार्क्सको त्यति ठूलो परिवारका लागि पूर्णत अप्रयाप्त थियो। उहाँहरूले यसरी लगातार गरिबी, रिण र भूखको समेत सामना गर्नु पर्‍यो। धेरै पटक घरका चीजहरूलाई खानाका लागि धीतोमा राख्नु परेको थियो। मार्क्सका छ जना वच्चा थिए तर तीन जना वच्चामात्रै वाच्न सफल भए। जब उहाँको वच्ची छोरी मरीन उहाँको दाहा सस्कारका लागि जवसम्म केही पैसा जम्मा हुन सकेन तवसम्म केही दिन ढिलो गर्नु परेको थियो। मार्क्स आफैले पनि लगातार गम्भीर विरामीको सामना गर्नु पर्‍यो, जससंग उहाँले उहाँको काम सिद्धयाउन संघर्ष गर्नु परेको थियो।

ती सबै आर्थिक कठिनाइहरूका अवधिभरी मार्क्सको परिवारका लागि प्रमुख सहयोग गर्ने एङ्गेल्स नै हुनुहुनथ्यो। १८४८ क्रान्तिको असफलता पछि एङ्गेल्सलाई उहाँको वाउको मेनचेष्टरमा रहेको फर्ममा काम गर्न वाध्य पारिएको थियो। उहाँले त्यहाँ २० वर्षसम्म काम गर्नु भयो, पहिलो पटक एउटा कलर्कका रूपमा र अनि १८८९सम्म अन्तीम पाच वर्षका लागि फर्ममा पार्टनरको रूपमा काम गर्नु भयो। यो अवधिभर उहाँले प्रयाप्त आम्दानी गर्नू भएको थियो,जसले गर्दा उहाँले मार्क्सलाई नियमित मद्त गर्न सक्नु हुन्थ्यो।

एङ्गेल्सको सहयोग मार्क्सका लागि यद्धपि केवल आर्थिक मात्रै थिएन्। यद्धपि उहाँले त्यति धेरै समयको वचत गर्न सक्नु हुन्थेन किनभने उहाँको नोकरीको कारणले उहाँले आफ्नो अध्ययन गर्न र मार्क्सलाई मद्त सवै समय र परिश्रम खर्च गर्नु पर्दथ्यो। उहाँहरूले एकदमै नियमित चिठीपत्र पठाउने गनुहुन्थ्यो र लगातार विचारहरू आदानप्रदान गनुहुन्थ्यो। मार्क्सले सधैभरी प्रमुख सवालहरूमा खासगरी अन्तराष्ट्रिय मजदुर वर्गको आन्दोलनको सन्दर्भमा एङ्गेल्ससित सल्लाह मसविरा गर्ने गर्नु हुनथ्यो।

उहाँहरूका प्रयासहरूले अन्त्यमा १८६४मा अन्तराष्ट्रिय मजदुर पुरूषको संगठन-पहिलो अन्तराष्ट्रियको निर्माणसंगै फल दियो। मार्क्स तुरून्तै यसका नेता बन्नु भयो र यसको पहिलो कार्यक्रम बनाउनका लागि र यसको विधान लेख्ने प्राथमिक जिम्मेवारी उहाँलाई दिइयो। अन्तराष्ट्रियको कार्यक्रमले यद्धपि कम्युनिस्ट घोषणापत्रका कडा शब्दहरू राखेको छैन्। पहिलो अन्तराष्ट्रिय, कम्युनिस्ट लिगजस्तै क्रान्तिकारीहरूको साना समूहहरूलाई सिमित गरिएको एउटा संगठन थिएन्। वास्तवमा अन्तराष्ट्रियका विभागका धेरै विशेषत तीनीहरू इगलैण्ड र फ्रान्सका, मजदुरहरूका विशाल मासका अनुयायीको प्रतिनिधित्व गर्ने संगठनहरू थिए। तै पनि, बहुसंख्यक ती संगठनहरूसंग एउटा स्पष्ट र सही बुझाई भएका थिएनन्। यद्धपि तिनीहरू मूलतः मजदुरहरूले बनेका थिए, चेतनाको स्तर कम्युनिस्ट लिगका छानिएका क्रान्तिकारीहरूको स्तरभन्दा सामान्यत तलै थियो। कार्यक्रम र विधान त्यसैले यसलाई दिमागमा राखेर बनाइएका थिए। सही लाइनलाई यसो गरेर प्रस्तुत गर्न पर्ने थियो ताकि अन्तराष्ट्रियका सदस्य संगठनहरूले स्विकार्य थियो। मार्क्स, उहाँको विशाल वैचारिक गहिराई र प्रयोगात्मक संगठनात्मक अनुभवले गर्दा त्यो समयका एउटा सक्षम त्यस्ता मानिस थिए जसले ती दस्तावेजहरूलाई ड्राफ्ट गर्न सक्दथे र त्यसैले त्यसको जिम्मा उहाँलाई दिइयो। पछिल्ला वर्षहरूमा पनि, उहाँ नै हुनुहुन्थ्यो , जसले प्रथम अन्तराष्ट्रियका सबै महत्वपूर्ण दस्तावेजहरूको ड्राफ्ट गर्नु भएको थियो।

यो यसरी मार्क्सवाद मात्रै थियो जसले पहिलो अन्तराष्ट्रियका लागि वैचारिक, राजनीतिक र संगठनात्मक सही आकृति प्रदान गर्न सक्दथ्यो। यो परिदृश्यको कार्यान्वयनको अर्थ आन्दोलनभित्र जो उठने गर्दछन्, ती विभिन्न अराजकतावादी र अवसरवादी प्रवृतिहरूका विरूद्ध लगातार संघर्ष हो। अन्य चीजहरूका बीचमा अराजकतावादीहरूले बलियो संगठनको विरोध गरे जवकि अवसरवादीहरूले दृघ संघर्षको विरोध गरे। दुवै विचलनहरूसंग लडदै, मार्क्स र एङ्गेल्सले दुवै युरोप र अमेरिकामा मजदुरहरूलाई एकतावद्ध गर्दै, संघर्षको एउटा मास संगठनभित्र अन्तराष्ट्रिय निर्माण गर्नलाई काम गर्नु भयो। यसमा उहाँहरू मूलत सफल हुनुभयो। त्यही समयमा विश्वका औधोगिक देशहरूका धेरै ठाउँमा स्वतन्त्र सर्वहारावर्गीय पार्टीहरूको संगठन बनाउने नेतृत्वदायी भूमिका खेलु भयो।

१८७१को ऐतिहासिक पेरिस कम्युनको समयसम्म त मार्क्सवादले १८४८ क्रान्तिको समयभन्दा यसको आफ्नो अवस्थालाई धेरै टाडा फडको मारि सकेको थियो। मार्क्सवाद केबल समाजवादको एउटा प्रवृतिका रूपमा मात्रै आफूलाई लामो समय राखेन्। इतिहासले काल्पनिक समाजवादको पहिलेको ट्रेडमार्कहरूलाई बगाएर लगिसकेको थियो र यो केबल मार्क्सवाद मात्रै थियो जसले पूर्ण प्रयोगात्मक महत्व राखेको थियो। मार्क्सवादलाई साना समूहहरूमा मात्रै लामो समयसम्म सिमित नराखी यसले एउटा मास घटना बनीसकेको थियो। यसको प्रभाव विभिन्न औधोगिक देशहरूमा सर्वहारा आन्दोलनका रूपमा फैलिसकेको थियो। यसले स्वतन्त्र सर्वहारा पार्टीहरूलाई वैचारिक नेतृत्व प्रदान गरयो। यसले एउटा विशाल सर्वहारा आन्दोलनतर्फ अगाडि बढयो, जसले पुँजीपतिलाई हाँक दिन सुरू गरिसकेको थियो। मार्क्सवादले यसको सम्वन्धलाई विशाल मजदुर वर्गका जनसमुहहरूसम्म फैलाएको थियो।

*Singhhukum2012@gmail.com*

# देशैभर निर्वाचन बहिस्कारसम्बन्धी विरोध प्रदर्शन तथा जनसभा कार्यक्रम




काठमाण्डौ। संयुक्त संघर्ष समितिको आयोजनामा निर्वाचन बहिस्कार सम्बन्धी विरोध प्रदर्शन तथा जनसभा कार्यक्रम देशैभर सम्पन्न भएको छ। काठमाडौंमा सुन्धाराबाट शुरु भएको विरोध प्रदर्शनको कार्यक्रम रत्नपार्क शान्तिवाटिकामा आएर सभामा परिणत भएको थियो। सभामा संघर्ष समितिमा आबद्ध दलका नेताहरूले सम्बोधन गरेका थिए।

नेकपा बहुमतकी विद्यार्थी नेतृ रूपा बुढामगरको सञ्चालनमा सम्पन्न कार्यक्रममा वक्ताहरू क्रान्तिकारी कमयुनिष्ट पार्टी नेपालका परी थापा,नेकपा बहुमतका बाबुराम गजमेर, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालका यशु चौलागाइँ , नेपाल कम्युनिष्ट पार्टीका खेमनारायण भण्डारी र नेकपा (जनपक्ष)की सुनिता बुढाथोकीले सम्बोधन गुर्नभएको थियो।

सम्बोधनका क्रमका वक्ताहरूले सरकारले फागुन २१ गते घोषणा गरेको संसदीय निर्वाचन बहिस्कार गर्न सबै जनताहरूलाई अनुरोध गर्नुभयो।




वक्ताहरूले जेनजी विद्रोह पछि बनेको शुशीला कार्की नेतृत्वको सरकार गठन भए पनि यो सरकारले जनताको कुनै पनि समस्या समाधान गर्न नसक्ने धारणा राख्नु भयो। मन्तव्यको क्रममा वक्ताहरूले सरकारले घोषणा गरेको संसदीय निर्वाचनबाट नयाँ भनेका वा पुराना भनिएका जुन दलहरू निर्वाचित भएर आए पनि जनताको मूल समस्याहरूको समाधान हुन नसक्ने भन्दै भ्रष्ट दलालहरू नै निर्वाचित भएर आउने र देशको राष्ट्रियता जनतन्त्र र जनजीविकामा कुनै परिवर्तन आउन नसक्ने बताउनु भयो।

सुशिला कार्की नेतृत्वको सरकार कठपुतली सरकार हो भन्दै यो सरकार खारेज गरेर स्वाधिन संयुक्त सरकार गठन गर्नु पर्नेमा वक्ताहरूले जोड दिनुभयो। स्वाधिन संयुक्त सरकार गठन पछि जनसंविधान निर्माण गर्दै उच्च स्तरको संघर्ष विकास गरेर जनवाद र समाजवादमा पुगे पछि मात्रै जनताले




चाहेको जस्तो व्यवस्था स्थापना हुन सक्नेमा वक्ताहरूको भनाइ रहेको थियो।

प्रदर्शनमा संयुक्त संघर्ष समिति जिन्दावाद, कथित संसदीय निर्वाचन बहिस्कार गरौं , स्वाधिन संयुक्त सरकार गठन गरौं। साम्राज्यवाद मुर्दावाद , विदेशी दलालहरू होसियार, कठपुलती सुशिला कार्की नेतृत्वको सरकार खारेज गर, आदि नाराहरू लगाइएको थियो। विराटनगर, नेपालगञ्ज लगायत अधिकांश जिल्लाहरूमा विरोध प्रदर्शन भएको जानकारी प्राप्त भएको छ। विस्तृत विवरण प्राप्त हुन बाँकी छ।

## महिला...

संकल्प परिवार नामक साहित्यिक तथा साँस्कृतिक संस्थाहरू अस्तित्वमा आए। ती दुवै संस्थाहरूलाई मूलतः पूर्व राल्फालीहरूले नेतृत्व गरेका थिए। वेदना साहित्यिक पत्रिकामा पारिजातको विशेष योगदान छ। वेदनाको वर्तमान प्रधान सम्पादक इन्दिरा दली र कार्यकारी सम्पादक डा. बिन्दु शर्मा दुवै महिला नै हुनुहुन्छ। संकल्प साहित्यिक पत्रिका लामो समयसम्म प्रकाशित भयो त्यो पत्रिका अहिले प्रकाशन नभएको भए पनि विगतमा त्यस पत्रिकामा कुन्ता शर्माको विशेष योगदान छ।

साहित्यिक पत्रिकामा सम्पादक प्रकाशकहरू प्रायपुरुष नै छन्। केहीमहिलाहरूले साहित्यिकपत्रिकाको सम्पादनप्रकाशनको जिम्मेवारी बोक्न सफलभएका छन्। काठमाण्डौबाट प्रकाशितहुने “शाल्मलि”। यो साहित्यिकपत्रिकाको सम्पादकप्रकाशक लक्ष्मी भट्टराई परिधि हुन्। यो पत्रिका २०७९ साउन सम्ममावर्ष ९ पूर्णाङ्क ९४ सम्म प्रकाशित भएको देखिन्छ। लोकभावना त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशक तथा प्रधान सम्पादक नानीमैया अधिकारी छन्। २०७५ फागुनमै यो पत्रिका वर्ष १२, पूर्णाङ्क ४४ सम्म पुगेको छ।

यी साहित्यिक पत्रपत्रिकाहरूमा महिलासँग सम्बन्धित विषयवस्तुलाई आधार बनाएर पुरुष लेखक तथामहिला लेखकहरूले महिला सशक्तिकरणको पक्षमा आवाज उठाउँदै आएका छन्। नेपालमा विचारसँग सम्बन्धित रहेर पत्रपत्रिकाहरू प्रकाशित हुँदै आएका छन्। जस्तै २००९ सालमा गठन भएको प्रलेशले निरन्तररूपमाप्रलेश प्रकाशित गर्दै आएको छ। प्रलेशमा महिला लेखकहरूको रचनालाई प्राथमिकता दिँदै आएको छ। प्रलेशले महिला लेखकहरूका विचारहरूलाई स्थान दिँदै आएको छ। प्रगतिशील लेखक संघले २०७४ सालमा नारी स्रष्टा विशेषाङ्कको रूपमा प्रलेसप्रकाशित गरेको थियो। त्यस विशेषांकमा देशमा नामचलेका महिला साहित्यकारहरूको लेख,संस्मरण, कविता ,कथा,समालोचना प्रकाशित भएका छन्।

नेपालमा साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित लेख रचनाहरूले महिलाहरूको चेतनाविकासमा निकै योगदान पुऱ्याएका छन्। पुरुषहरूले गरेका रचना होउन वा महिलाहरूका समाजमा चेतनास्तर उठाउन र समाज परिवर्तन गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्। महिलाहरू साहित्यिक पत्रकारितामा रहेर उनीहरूको चेतनास्तर उठाएका छन् भने प्रकाशन भएका रचनाहरूको अध्ययन पछि उनीहरू समाजलाई बुझ्ने र बदल्ने विषयमा स्पष्ट हुँदै आएका छन्।

महिलाहरूको शिक्षामाविकास नभएको अवस्थामा पनि महिलाहरूलाई जागृत गर्न पत्रकारिताले निकैठूलो भूमिका खेलेको थियो। साहित्यमा लागेका महिलाहरूको रचनाहरू प्रकाशन गरिदिएर साहित्यिक पत्रिकाहरूले महिलाहरूको आत्मविश्वासलाई उठाउन योगदान पुऱ्याएका छन्।

महिलाहरूलाई पुरुषप्रधान समाजले दोस्रो दर्जाको नागरिकको रूपमा,आफ्नो र परिवारको सेवकको रूपमाउभ्याइरहेकोछ। महिलाहरूले आफुमाथि भए गरेका उत्पीडनको बारेमा समाज रूपान्तरणको आवश्यकताबारे गरेका रचनाहरूलाई प्रकाशनगर्ने कार्य साहित्यिकपत्रिकाहरूले गर्दै आएका छन्। कुनै पनिविचार, दर्शन, कला, साहित्य लेखेर मात्रै हुँदैन ती कुराहरूलाई मानिसको बीचमा पुऱ्याउनप्रकाशनको निकै महत्व हुन्छ।काल्पनिक, धार्मिक, लैंगिक, आर्थिक ,प्रथाजन्य उत्पीडनहरूको बारेमा रचिएका रचनाहरूलाईप्रकाशनमा सहयोग पुऱ्याउने काम साहित्यिक पत्रिकाहरूले गरेका हुन्छन्। समाजमा रहेको विकृति विसंगतिको बारेमा लेखिएका र महिला उत्पीडन र समतामूलक समाजनिर्माण हुनुपर्ने कुराहरू,महिलालेमहिलाभएकै कारण भोग्नुपरेका हिंसा, असमानताहरूको विरोधमाआफ्नो कलममार्फत अभिव्यक्त गर्ने अवसर पाएका छन्। एक लेखककालागि प्रकाशन निकै ठूलो कुरा हो। प्रकाशन आफ्नो विचारलाई सबैको सामुराख्ने अवसर हो। जब प्रकाशन हुन्छ तब त्यस विषयमा मानिसहरूकोबीचमा आफ्ना विचारहरू पुग्छन् र त्यसले लेखकहरूलाई चिनाउन, उसको विचार, दर्शन बुझ्न मद्दत गर्दछन्। महिला लेखकहरूको सन्दर्भमा पनि त्यहीहो। जब लेख रचनाहरू प्रकाशित हुन्छ आफूमाआत्मविश्वास बढ्दै जान्छ। यसले महिलाहरूको लेखनमानिखारता र परिपक्वताका साथै थप ऊर्जा र उत्साहको विकास हुन्छ। यसो गर्दा महिलाहरूको लेखनको क्षमतामाविकास हुँदै जान्छ। उनीहरूलाई लेखनको क्षेत्रमा थप निरन्तरता दिन प्रोत्साहन मिल्छ। महिलाहरू जो साहित्यमा अनवरत रूपमा लागे र लागिरहेका छन्, उनीहरू लागिरहनुमा कुनै न कुनै रूपमा साहित्यिक पत्रकारिताले सहयोग पुऱ्याएको छ।

नेपालमामहिला साहित्यकार पारिजातका रचनाहरू फुटकर रूपमाप्रकाशन गरेर साहित्यिक पत्रिकाहरूले धेरै ठूलो काम गरेको पाइन्छ। अहिले पनि नवोदित महिला लेखकका रचनाहरूलाई स्थान दिएर साहित्यिक पत्रिकाहरूले उनीहरूलाई प्रोत्साहन दिइरहेका छन्।

हाम्रो समाजमा आज पनि लेखक, चिन्तक,साहित्यकारको अग्रणी स्थान पुरुषहरू कै आउँछ। महिलाहरूको स्थान निकै सीमित रूपमा रहेको छ। पत्रपत्रिकाहरूले महिलाको विषयहरूलाई स्थानदिने भने पनि रचनाहरूमा महिला पाउन निकै गाह्रो हुन्छ। महिलाहरूको उपस्थिति निकै कम नै देखिन्छ। पछिल्लो अवधिमा पत्रपत्रिकाहरू एक किसिमले संकटमा गुज्रिरहेका छन्। अनलाइनहरूको विकास भएसँगै पत्रपत्रिकाहरू बन्दहुने स्थितिमा पुगेका छन्। जो चलिरेहका छन् तिनीहरू प्नि निकै कष्टका साथ चलिरहेकाछन्। यो अवस्थामा साहित्यिक पत्रिकाहरू पनि निकै अप्ठ्यारो अवस्थामा छन्। संकटकै सामना गरेर भए पनि जो जसले चलाएका छन् उनीहरूलाई प्रोत्साहन गर्नु पर्छ।

महिला सर्जकहरूको रचनाहरूलाई जो जसले स्थानदिएका छन् उनीहरूले महिला सशक्तीकरणमा निकै ठूलो योगदान पुऱ्याएका छन्। हामीले हेर्‍यौं भने विगतमा जो जो महिलाहरू रचनामा अग्रस्थानमा रहेका थिएउनीहरू नेपालको परिवर्तनको आन्दोलनमा पनि निकै अगाडि रहेको पाउँछौं। महिलाहरूको वैचारिक, सैद्धान्तिक अवस्थामा पनि निकै निखारता रहेका पाइन्छ , जो जो साहित्य सिर्जनामा लागेका छन् ,ती महिलाहरूले समाजलाई राम्रोसँग बुझेको र समाज परिवर्तनको आन्दोलनमा निकै ठूलो योगदान दिएको देखिन्छ।जस्तै पारिजातलाई लिन सकिन्छ ,उनी गरिखाने वर्गको साहित्य लेखनका साथै समाज परिवर्तनको आन्दोलन ,नेपालको महिलाआन्दोलनमाअब्बल रहेकीथिइन्। त्यस्तै कुन्ताशर्मा नेपालको संसदमापुरुष सत्ता विरुद्ध कवितामार्फत समानताको पक्षमाआवाज उठाउने एक जना महिला थिइन्। सिता शर्मा जसले आफ्ना निकै राम्रा रचनाहरूमार्फत समाज परिवर्तनको पक्षमा आवाज उठाएकी छन्। महिलाहरू जो जसले समाज रूपान्तरण , लोकतन्त्रप्राप्तिको र महिला अवस्थाहरू परिवर्तनको पक्षमा लेखिरहेका छन् उनीहरूका रचनाहरू पनि कुनै न कुनै साहित्यिक पत्रिकाहरूमा प्रकाशन भएको हामीले पाउँछौं।

जो जो महिलाहरू समाज रूपान्तरणको आन्दोलनमा आज पनि लागिरहेका छन्, जो जसले आज पनि समाजमा रहेका तमाम विकृति विसंगति विरुद्ध आवाज उठाइरहेका छन् उनीहरूको रचनाहरू कुनै न कुनै साहित्यिक पत्रिकाहरूमा पढ्न पाइन्छ।

जो जो लेखक, साहित्यकार महिलाहरू समाजमा अग्र स्थानमा रहेका छन् उनीहरूको रचनाहरूलाई स्थान दिने र उनीहरूलाई प्रोत्साहन गर्ने कार्य साहित्यिक पत्रिकाहरूले गरेका छन्। साहित्यिक पत्रिकाहरूको यो कार्यले महिला सशक्तिकरणमा ठूलो योगदानदिएको छ। कुनै पनि महिलाको लेख रचनाले स्थानपाउनुभनेको उसको सामाजिक, राजनैतिक, पारिवारिक सबै हिसाबले बुझ्ने कुरामा राम्रो छ भन्ने कुरा हो। महिला स्वयमको चेतनास्तरको विकासको अवस्था बुझ्न सजिलो पनिहो। नयाँ प्रतिभाहरूलाई उत्पादन गर्ने कुरा पनि साहित्यले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। नवप्रतिभाहरू आउन पनि साहित्यिक पत्रिकाहरूले योगदान रहेको हुन्छ। साहित्यमा अहिले डिजिटल समयसम्म आउँदा मानिसहरूको पठन संस्कृतिह्रास हुँदै गएको छ। सबै कुरा डिजिटलाज्ड विधिबाट प्राप्त गर्न सजिलो छ भन्ने जस्तो बुझाइनिर्माण भइरहेको अवस्था छ। यो अवस्थामाअध्ययन संस्कृतिविकास गर्नु पर्ने आवश्यकताछ।

अहिले नयाँ महिला प्रतिभाहरू रचनामा खासै लागेको देखिँदैन। साहित्य सिर्जनामा भन्दा पनि अहिले सामाजिक संजालमा व्यस्त रहने चलनको विकास हुँदै गएको छ। सामाजिक संजाल हेर्ने सोहीअनुसार धारणा बनाउने सोहीअनुसार चल्ने र आफूलाई हिँडाउने चलनविकास भएको छ। उत्पीडनको विरुद्धमा चिन्तन,मननगर्न ध्यानदिन छोडिएको छ। राष्ट्रियता जनतन्त्र रजनजीविकाको सवालमा ध्यानदिन छोडिएको छ। महिला अधिकार, आन्दोलन, महिलाका विषयवस्तुहरूमा खासै ध्यान नदिने, ध्यान दिए पनि पुरुषविरोधी भावना र धारणाहरू सम्प्रेषण गर्ने, पुरुषकै कारण महिला मुक्ति हुन नसकेको भने जस्तो ठान्ने प्रवृति विकास भएको छ। महिलाहरू पहिले शिक्षामा कमी थियो। अक्षरसम्म चिन्न पाएका थिएनन् तर अहिले छोरीबुहारीहरूले शिक्षाको ढोकाबाट वञ्चित हुन परेको छैन। यो अवस्थामामहिलाहरूले अझै बढी खोज, अनुसंधानमा लाग्नुपर्ने छ। मानव चिन्तनको विकासमा लाग्नुपर्ने छ।

महिला सशक्तीकरणकोलागि महिलाहरूले निकै भूमिका निभाउनुपर्ने छ। महिलाहरू साहित्यिक, राजनीतिक, सामाजिक सबैस्तरमा विकास गर्नुपर्ने छ। देशमा अहिले २०८२ भदौ २३ र २४ गतेको जेन्जीको नाममा भएको आन्दोलन पछि स्थिति निकै भयावह छ। देशमा अस्थिरताको वातावरण छ। कतिबेला के हुने हो भन्ने त्रासको अवस्था छ। जनताले वर्षौं लगाएर लडेर ल्याएको बोल्न, लेख्न पाउने मत अभिव्यक्त गर्न पाउने मौलिक हक समेत गुम्ने हो कि भन्ने अवस्था छ। देशमा वैदेशिक हस्तक्षेप निम्तने हो कि भन्ने त्रासको स्थिति छ। देशको भौतिक संरचनाहरू डढाएर खरानी पारिएको छ। देशलाई आर्थिक रूपमा कमजोर पार्ने काम भएको छ। यो अवस्थामा महिलाहरू महिला लेखकहरू निकै सचेत हुनुपर्ने भएको छ। साहित्यमार्फत महिलाहरूले देशको एकता, लोकतन्त्र, देशको विकास र महिला सशक्तीकरणकोलागि अझै सशक्त भूमिका निभाउनुपर्ने छ। देश निर्माणको लागि, राष्ट्रियता रक्षा र लोकतन्त्र रक्षाको लागि रचिएका साहित्यहरूलाई साहित्यिक पत्रिकाहरूले अझै बढी स्थान दिनुपर्ने देखिन्छ।

*कार्तिक ४ काठमाडौं, ज्ञानेश्वर*

# महिला सशक्तीकरणमा साहित्यिक पत्रकारिता

**साहित्यिक पत्रकारिता समाजको भावनासँग अगाध रूपमा जोडिन्छ । मानवले आफुले भोगेका, देखेका, अनुभव गरेका, सुनेका, पढेका कुराहरूलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने क्रममा साहित्यको जन्महुन पुग्यो । मानव विकास क्रममा प्रकृतिसँगको संघर्षमा मानवले अथाह दुःख कष्टहरू सहँदै आयो । यही दुःख कष्टलाई कलात्मक ढंगले लयात्मक पाराले भन्ने क्रममा साहित्यको सिर्जना हुन पुग्यो । मान्छेले सदा दुःख कष्ट मात्रै पनि सहेन । सुखको अनुभूतिपनिगऱ्यो । त्यसलाई पनिभाषाको माध्यमबाट अभिव्यक्त गर्न सिक्यो । मान्छेले आफुले सिर्जना गरेको सिर्जनालाई सुनायो, एकआपसमा बाँड्यो । जब लेखन कलाको विकास भयो त्यसलाई लेखेर राख्नथाल्यो । सुनाएर मात्रै थोरै ठाउँहरूमामात्रै सुनिने भए । कागजको विकास भएसँगै कागजमा कोरिन थाले । कागजमा कोरिएकाहरूलाई धेरै भन्दा धेरै मान्छेकोबीचमा पुऱ्याउन प्रकाशनहरू हुनथाले । कलात्मक शैलीमा भनेर,लेखेर नै साहित्यको विकास भयो ।मानव हृदयबाट सिर्जना हुने सुख दुःखका भावनाहरू नै साहित्य बन्यो ।**



● मनु वि.क. ●

सूचना, संचार, प्रविधिक्षेत्रसँग सम्बन्धित रहेर कार्य गर्नु नै पत्रकारिताहो । पत्रकारितासँग प्रकाशक, सम्पादक, सहसम्पादक, समाचार दाता, व्यवस्थापक, प्राविधिक, वितरक भएर कार्य गर्नु पर्ने हुन्छ । पत्रकारिताले समाजमा भए गरेका घटना तथ्यहरूको जानकारी गराउनुको साथै विगत र वर्तमानको विषयमा सत्य तथ्य जानकारी गराउने कार्य गर्दछ ।

मानव समाजले सिर्जना गरेका गीत,संगीत, कला,कथा, कविता,समालोचना, नाटक ,उपन्यास जस्ता साहित्य र साहित्य सम्बन्धी गतिविधि प्रकाशन गर्नु साहित्यिक पत्रकारिता हो । मानिसले सिर्जना गरेका रचनाहरू,साहित्यका विभिन्न विधाहरू र साहित्यिक गतिविधि,समाचारहरू प्रकाशनको उद्देश्यले प्रकाशन गरिएको पत्रिकाहरू साहित्यिक पत्रिकाहरू हुन् । साहित्यिक पत्रकारिता, साहित्यिक भाषाशैली र प्रस्तुतीकरण प्रयोग गरी सामाजिक यथार्थ उजागर गर्ने पत्रकारिता हो । यसले साहित्यका विभिन्न विधाहरू जस्तै कथा,कविता,नाटक,संस्मरण,विभिन्न व्यक्तिहरूसँगको अन्तरवार्ता आदिको माध्यमप्रयोग गरेर जनचेतना जगाउने काम गर्छ । साहित्यिक पत्रिकाहरूले लैंगिक,जातीय तथा क्षेत्रीय तथा वर्गीय उत्पीडनका विषयसँग सम्बन्धित रचनाहरूलाई प्रकाशित गर्दै आएका छन् ।

नेपालमा पत्रकारिताको इतिहास हेर्दा १९५८ सालदेखि गोरखापत्रको प्रकाशन भएपछि शुरु भएको हो । त्यसबेलादेखि आज सम्म आउँदा पत्रकारिताले अनेक उतारचढाव बेहोर्दै आएको छ । दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक , वार्षिक, रूपमा पत्र पत्रिकाहरू प्रकाशित हुने गर्दछन् । पत्रपत्रिकाहरूमा कला, साहित्यको प्रकाशन, साहित्यसम्बन्धी समाचारहरूको प्रकाशन हुने गर्दछ । साहित्यिक पत्रकारिताको श्रव्य,दृश्य र प्रकाशन जस्ता माध्यमहरू हुन्छन् । रेडियो टेलिभिजनहरूको माध्यमबाट साहित्यका विभिन्न विधाहरू प्रसारण हुन्छ । यसको माध्यमबाट देशविदेश, दूरदराजमा रहेका मानिसहरूमा साहित्यका सबै रचनाहरू पुग्न सक्छन् ।

साहित्यिक पत्रकारिता समाजको भावनासँग अगाध रूपमा जोडिन्छ । मानवले आफुले भोगेका, देखेका, अनुभव गरेका, सुनेका, पढेका कुराहरूलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने क्रममा साहित्यको जन्महुन पुग्यो । मानव विकास क्रममा प्रकृतिसँगको संघर्षमा मानवले अथाह दुःख कष्टहरू सहँदै आयो । यही दुःख कष्टलाई कलात्मक ढंगले लयात्मक पाराले भन्ने क्रममा साहित्यको सिर्जना हुन पुग्यो । मान्छेले सदा दुःख कष्ट मात्रै पनि सहेन । सुखको अनुभूतिपनिगऱ्यो । त्यसलाई पनिभाषाको माध्यमबाट अभिव्यक्त गर्न सिक्यो । मान्छेले आफुले सिर्जना गरेको सिर्जनालाई सुनायो, एकआपसमा बाँड्यो । जब लेखन कलाको विकास भयो त्यसलाई लेखेर राख्नथाल्यो । सुनाएर मात्रै थोरै ठाउँहरूमामात्रै सुनिने भए । कागजको विकास भएसँगै कागजमा कोरिन थाले । कागजमा कोरिएकाहरूलाई धेरै भन्दा धेरै मान्छेकोबीचमा पुऱ्याउन प्रकाशनहरू हुनथाले । कलात्मक शैलीमा भनेर,लेखेर नै साहित्यको विकास भयो ।मानव हृदयबाट सिर्जना हुने सुख दुःखका भावनाहरू नै साहित्य बन्यो । साहित्य जुनसुकै विधाका भए पनि मान्छेले सिर्जना गरेकोअमूल्य नीधिहुन् ।

नेपालमा साहित्यिक पत्रिकाहरूले महिला तथा पुरुषहरूका महिलासम्बन्धी लेख रचनाहरूलाई प्रकाशन गरेर महिला सशक्तीकरणमा ठूलो योगदान पुऱ्याएका छन् । महिला सशक्तीकरण र साहित्यिक पत्रकारितादुई छुट्टाछुट्टै विषय जस्तालागे पनि वास्तवमा दुवै अन्तर सबन्धित छन्। महिलालाई आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिकतथामानसिक रूपमा सक्षमबनाउने प्रक्रिया महिला सशक्तीकरण हो । महिलालाई यी सबैमा सक्षम बनाउने काममा चेतना फैलाउने काम साहित्यिक पत्रिकाहरूले गरेका छन् ।

हाम्रो समाजमा महिलाहरूलाई दोस्रो दर्जाको रूपमा व्यवहार गरिने,महिलाहरू स्वयम पनि अनेक प्रकारका रुढीवादी तथा अन्धविश्वासी भ्रमहरूमा लिप्त हुने,राज्यबाट महिलाहरू अधिकारबाट बञ्चित हुने जस्ता समस्या महिलाले भोग्दै आएका छन् । यो अवस्थामा समाजमा महिलाको स्थान सुदृढ बनाउनकालागि विचार, चेतना र प्रेरणा आवश्यक पर्छ । यहीचेतना फैलाउने माध्यमको रूपमा साहित्यिक पत्रकारिता महत्वपूर्ण भूमिका निभाउँदै आएका छन् ।

लेखन, अध्ययन, खोज, अनुसन्धान, पत्रकारितामा महिलाहरू लाग्नलाई विगतमा निकै गाह्रो थियो । महिलाहरूले घर हेर्ने, बालबच्चाहरूको रेखदेख गर्ने, घरमा पालिएका वस्तुभाउलाई स्याहार सम्भार गर्ने खेतीपाती गर्ने जस्ता साना साना काम मात्रै महिलाहरूले गर्ने काम हो भन्ने खालको सोचाइ समाजमा रहेको थियो । जब नेपालमा लोकतान्त्रिक तथा राजनैतिक आन्दोलनको शुरुवात भयो, दलहरूको स्थापना भयो त्यो बेलामा नै महिलाहरूमा पनि जागरण र संगठित बन्ने माहोल बनेको थियो । महिलाहरू संगठित हुनको साथै महिला जागरण ,अध्ययन, लेखनमा लागेको हामी पाउँछौं । जस्तै नेपाली महिला आन्दोलनमा नेतृत्व प्रदान गर्दै आएकी मंगलादेवी सिंह, सहाना प्रधान,साधना प्रधान, कामाक्षादेवी, पुस्पलता, दूर्गादेवी, स्नेहलताहरूले महिला संगठन निर्माण गर्नुका साथै महिला जागरण ल्याउनमा निकै ठूलो भूमिका खेलेका थिए र नेपालको राणा विरोधी आन्दोलनमा अग्रमोर्चामा रहेर संघर्ष गरेका थिए । त्यो हुनुमा राजनैतिक चेतना र जागरणको परिणाम थियो । नेपालमा महिलालाई भोट हाल्ने अधिकार ,चुन्ने र चुनिने अधिकार थिएन, सालको स्थानीय तहको काडमाण्डौ महानगरको निर्वाचनमा महिलाहरूलाई भोट हाल्ने अधिकार थिएन तर २०१० सालमा भएको निर्वाचनमा महिलाहरूले भोट हालेका थिए र साधना प्रधानले चुनाव जितेकी पनि थिइन् । त्यस पछि १५ सालमा नेपालले महिला मन्त्री नै पाएको थियो,द्वारिकादेवी ठकुरानी । महिलाहरूमा समय वित्दै जाँदा शैक्षिक चेतना विकास हुनुका साथै पढाइलेखाइमा पनि लागेको पाइन्छ । जब २०४६ सालको आन्दोलन भयो र प्रजातन्त्रको पुनबर्हाली भयो त्यस पछि शैक्षिक संस्थाहरूको तीव्र विस्तार र विकास हुनुका साथै महिलाहरूले पनि अध्ययनमा जोड दिन थाले । राजनैतिक परिवर्तनसँगै महिलाहरू राजनैतिक प्रतिनिधित्व पनि भयो । महिलाहरूमा जागरण आयो । अहिले लोकतान्त्रिक गणतन्त्रसम्म आउँदा महिलाहरू अध्ययन लेखनमा अगाडि नै छन् । साहित्यिक सिर्जनामा पनि लागिरहेका छन् । महिला सशक्तीकरणका सन्दर्भमा साहित्यिक पत्रकारिताले महिलाको संघर्ष, सफलता र पीडालाई कलात्मक तरिकाले प्रस्तुत गरी समाजमा सकारात्मक दृष्टिकोण सिर्जना गर्छ ।

नेपालमा साहित्यिक पत्रकारिता मार्फत धेरै लेखक र सम्पादक तथा समाचार दाताहरूले महिलाअधिकार, घरेलु हिंसा, लैङ्गिकविभेद र शिक्षाको अभाव जस्ता विषयमा लेख्दै आएका छन्। यसले समाजलाई महिलाको योगदान र क्षमताप्रति सचेत गराएको छ । साथै, महिला साहित्यकारहरूलाई पनि आफ्ना अनुभूति र विचार अभिव्यक्त गर्ने अवसर प्रदान गरेको छ । साहित्यिक पत्रिकाहरू राजधानी तथा मोफसलबाट प्रकाशितहुँदै आएका छन् । साहित्यिक पत्रिकाले धेरै लेखक ,साहित्यकारहरूलाई पाठकहरू माझ चिनाउन र स्रष्टालाई सिर्जनाकर्ममा लाग्न प्रेरित गर्दै आएका छन् । वि.सं. १९५५ सालमा प्रकाशितभएको 'सुधासागर' लाई नेपालको पहिलो साहित्यिक पत्रिका मानिन्छ ।


'शारदा' (१९९१), 'रूपरेखा'(२०१७), 'इन्द्रेणी', 'मधुपर्क'(२०२५), 'गरिमा','रचना' (२०१८) 'अभिव्यक्ति', 'जनमत', 'दायित्व',प्रगतिशील लेखक संघको प्रकाशन प्रलेश, प्रगतिशील लेखक संघका जिल्लास्तरबाट प्रकाशितभएका साहित्यिकपत्रिकाहरू जस्तै : सुर्खेतको 'रातो थुँगा',प्रगतिशील लेखक संघ नेपाल कैलालीको साहित्यिक प्रकाशन 'आयाम'(२०६२सालदेखि प्रकाशित हुन थालेको हो ) प्रगतिशील लेखक संघ सिन्धुपाल्चोकको 'बिहानी', प्यूठानको 'पसिना', प्रलेश मकवानपुरको मुखपत्र 'प्रलेश', नेपाल विद्युत प्राधिकरणको साहित्यिक पत्रिका 'अमर ज्योति' कृषिविकास बैंकको साहित्यिक प्रकाशन 'समष्टि', हाम्रो सिर्जना साँस्कृतिक साहित्यिक त्रैमासिक, भवानी घिमिरेले शूरु गरेको 'भानु साहित्यिक मासिक',जो ६४ वर्ष पहिलेदेखि अहिलेसम्म प्रकाशितहुँदै आएको छ । जो २०७५ साल माघमा २२१औं पूर्णाङ्क पुगेको थियो । साहित्यिक त्रैमासिकअन्तरबोध रहेका छन् । साहित्य श्रृङ्खला पोखराको सृजना

'आलोक श्रृङ्खला' सुसेली साहित्यिक परिवार मेचीनगरको 'सुसेली' ,जसको सम्पादक मण्डलमा श्रीमतीभूवन खरेल समेत छिन् । दरम -वडिगाढ साहित्य संगमले प्रकाशित गरेको 'गोधुली',प्रवाहअध्ययन समाजले प्रकाशितगरेको साहित्यिकपत्रिका रचना,राप्ती साहित्य परिषदको प्रकाशन,किरण पुस्तकालय तम्घास गुल्मीको प्रकाशन "हाम्रो पूरुषार्थ", आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको "थुँगा", विराट साहित्य संगम मोरङको साहित्यिक मासिकपत्रिका'संगम अभियान', गण्डकीसंगम, 'कालीको छाल', इच्छुक साँस्कृतिक प्रतिष्ठानको साहित्यिक पत्रिका 'इच्छुक'लगायतका सयौंको संख्यामा साहित्यिक पत्रपत्रिकाहरू प्रकाशन हुँदै आएका छन् ।

नेपाल सरकारको पत्रपत्रिकासम्बन्धी संस्था प्रेस काउन्सिल नेपालमा हिमाली, गुराँस, तन्नेरी, वैजयती, सुभारम्भ संगम, चेतना, सन्देश, कल्पतरु, रचना, अभिव्यक्ति शिवपुरी दोभान, अन्तरबोध, मुक्त सागर, लहरा, जनमत, आंगर, नवप्रज्ञापन, गोलसिमल, शाब्द संयोजन, शब्दांकुर, गौरी, श्रृङ्खला, आलेख, दायित्व, कौसिकी, सत्य संचार, रातो लालटिनलगायतका साहित्यिक पत्रिकाहरू दर्ता गरिएका छन् । यी पत्रिकाहरूले महिला रचयिताहरूलाई स्थान दिन प्रयास गरेको देखिन्छ । पत्रपत्रिकाहरूमा प्रकाशित तथा श्रव्य दृश्य साधनहरूमा प्रसारित साहित्य, साहित्यिक गतिविधि, महिलासम्बन्धी महिला लेखक तथा पुरुषहरूले रचना गरेका रचनाहरूले परिवर्तनको पक्षमा, सामाजिक परिवर्तनमा तथा महिलाहरूको शैक्षिक उन्नति तथा चेतनास्तर विकासमा निकै महत्वपूर्ण भूमिका खेल्दै आएको छ । पत्रकारिताले आजको डिजिटल युगसम्म आउँदा तमामउतार चढावहरू पार गर्दै आएको छ । साहित्यिक पत्रिकाहरूले समयअनुसार प्रविधियुक्त बनाउँदै लैजादै छन् । साहित्यिक पत्रिका प्रकाशनको शुरु भएको समयदेखि हाल सम्म हेर्दा १२७वर्ष पूरा भइसकेको छ । यो अवधिसम्मआउँदा साहित्यिक पत्रिकाहरू अनलाइन माध्यमबाट प्रकाशित हुँदै छन् । 'मझेरी डटकम', 'साहित्य संग्रहालय', 'साताको साहित्य', 'कविताकोष', 'समकालीन साहित्य', 'अक्षरंग', 'नेपाली साहित्यडटकम' ,'साहित्यपोष्ट', 'काव्यालय'लगायतका अनलाइन माध्यमबाट प्रकाशित हुने साहित्यिक पत्रिकाहरू छन् । अन्य अनलाइन पत्रिकाहरूले पनि साहित्यलाई स्थान दिँदै आएका छन् । महिला साहित्यकारहरूको रचनाहरूलाई स्थान दिँदै आएका छन् ।

नेपालको प्रगतिशील साहित्यिक आन्दोलनमा वेदना र संकल्प दुईवटा साहित्यिक पत्रिकाको विशेष योगदान छ । २०२०को दशको मध्यतिर पारिजात, निनु चापागाइँ, रामेश, रायन, मञ्जुलसहितको टोलीले राल्फा आन्दोलन नामक साहित्यिक तथा साँस्कृतिक अभियान चलाएका थिए । २०२८तिर एकातिर नेकपा न्यूक्लियस हुँदै चौथो महाधिवेशन धारको कम्युनिष्ट आन्दोलनको विकास हुँदै गयो भने अर्कोतिर २०२८ मै झापा विद्रोह हुँदै नेकपा माले धारको विकास भयो । राल्फा आन्दोलनमा विभाजन भएपछि पारिजात, निनु चापागाइँ, रायन चौमधारतिर आबद्ध भए भने रामेश, मञ्जुल माले धारतिर आवद्ध भए । चौम निकटको वेदना परिवार र माले निकटको *बाँकी ४ पेजमा*

# निर्वाचनबारे प्रवासीको अनुरोध



● रामसिङ वि.क. ●

आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचन नेपाली जनताको हितमा भन्दा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको इसारामा हुन गइरहेको देखिन्छ । उनीहरू कै इशारामा गठनभएको असंवैधानिक सरकारको मिलोमतोमा आफ्नै पक्षमा निर्वाचन गराउने कोशिश भएको देखिन्छ । त्यसकारण साम्राज्यवादद्वारा संचालित पार्टीहरूलाई आफ्नो अमूल्य भोट खेर नफालौं । अहिले समाजिक संजालमा देश विदेशबाट उफ्रि रहेका मान्छेहरूले सत्य तथ्य बुझ्न जरुरी छ । हतारमा निर्णय गर्ने फुर्सदमा पछुताउने नगरौं । करोडौंको भ्रष्टाचार गरेर देश मैले बनाउछु भनेर भाषण गर्दै हिडेकाहरू अहिले पनि नेपाली जनतालाई गुमराहमा पार्ने योजना हुदै गइरहेको छ । त्यसैले हामी नेपाली जनताहरू सचेत बनौं । यो दलाल संसदीय व्यवस्थाको भण्डाफोर गरौं । कतिपय आफुलाई सच्चा क्रान्तिकारी भन्ने पार्टीहरू दोहोरो चरित्र बोकेर लाज पचाएर जनताको घरघरमा भोट माग्दै हिडेका छन् । जनतालाई झुट्टा आश्वासन दिइरहेका छन् । तीन चार पटक चुनाव जितेर सिन्को सम्म नभाचेकाहरू अहिले हामी पुल बनाउछौं सडक कालोपत्रे गर्छौं ,स्वास्थ्य ,शिक्षा दिन्छु भनेर विकासका अनेक कुराहरू गर्दै तपाई हामीलाई उल्लु बनाइराखेका छन् ।

पुराना जोगीले केही गरेनन् , हामी देश बनाउछौं भनेर नयाँ जोगी आएका छन् । समाजिक संजालमा विकासका अनेक सपनाहरू बाँडेका छन् । यो दलाल संसदीय व्यवस्था भनेको "जुनजोगी आयो कानै चिरेको"भनेझै यिनीहरूले पनि केही गर्ने छैनन् । यिनीहरू अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको ईसारामा आफ्नो पक्षको सरकार बनाउने बाहेक आम नेपाली जनताको हितको लागि केही गर्ने वाला छैनन् त्यसकारण हामी समय रहदै संचेत बन्नु पर्दछ । बाहिरी होहल्लाको भरमा नलागेर नयाँ जोगीको बाारेमा राम्रोसँग बुझौं । अहिले हामीले बुझ्न सकेनौं भने हाम्रो देश नरहन पनि सक्छ अमेरिकी साम्राज्यवादको वर्षौं देखि नेपाल र नेपाली माथि गिद्दे नजर लगाइ राखेको छ । त्यसलाई कदापि सफल हुन दिनु हुदैन । खासगरी साम्राज्यवादीहरू नेपालका जडिबुटी, नेपालका नदीनाला, नेपालको हिमाल, पहाड, तराईमा आफ्नो लागि उपयोग गर्न चाहन्छ र त्यसको लागि आफ्नो हितमा काम गर्ने व्यक्ति वा राजनीति दल बनाउन चाहेको छ ।साथै केही हदसम्म त्यो कार्यमा सफलता पनि मिलेको छ ।जस्तै भदौ २३ र २४ गते जेनजी आन्दोलन द्वारा गठित सुशीला कार्कीको सरकार निर्माणमा बालेन र रविको भूमिका यसका ताजा उदाहरण हुन् । अहिले बालेन शाह र रवि लामेछानेको धेरै चर्चा चलिरहेको छ । देशव्यापी रूपमा हाम्रो जनलहर बढेको छ । हाम्रो जीत सुनिश्चित छ भनेर रा.स्व.पा. का सभापति रवि लामेछाने हिडिरहेका छन् । उनले पुराना दलहरूले केही गर्न सकेनन् भनेर प्रचार गरिहेका छन् । तर हाम्रो के मत छ भने रा.स्व.पा. कुनै भिजन र मिसन भएको पार्टी हैन । उ सित नत विचार, नत सिद्धान्त , नत दर्शन छ । न त तात्कालीक कार्यनीति छ नत दीर्घकालीन रणनीति छ । त्यसकारण राजनीति अन्योलमा छ रा.स्व.पा. । शिक्षा, स्वास्थ्य ,रोजगारी हामी दिन्छौं, नेपाली जनताको आवश्यकतालाई मध्ये नजर गरी आफ्नो दल गठन गरेको बताउने रा.स्व.पा.का नेता रवि लामिछाने आफै करोडौं भ्रष्टाचारमा मुछिएका छन् । सहकारी ठगी प्रकरणमा पटकपटक जेल गएका छन्। रवि लामेछाने अनि करोडौं पैसा धरौटी राखेर रिहा पनि भएका छन् । एउटा आरोप लागेको व्यक्ति यदि सही छ भने करोडौं धरौटी किन राख्नु पऱ्यो ? यो नेपाली जनताले राम्रोसँग बुझ्न पर्दछ । नेपालका कम्युनिस्ट भनौदाहरू पटकपटक सत्तामा गए तर नेपाल र नेपालीको लागि केही गर्न सकेनन् । बरु कम्युनिस्टको बदनाम गरे ,भ्रष्टाचार गरे, नेपाली जनताको जुन कम्युनिस्ट प्रति भरोसा थियो त्यो गुम्दै गएको छ । त्यसैले नेपालका कम्युनिस्ट पार्टीहरू नातावाद कृपावादमा रुमलिएर पटकपटक चुनाव हुँदा नेपाली जनताहरूलाई झुटा आश्वासन बाँडेका हुन् । अहिले पनि त्यही खेल भई रहेका छन । खास गरी प्रवासी नेपालीहरूलाई सधैं धोका दिँदै आएका छन्। हामीले अखिल भारत नेपाली एकता समाजको तर्फबाट धेरै चोटी प्रवासी नेपालीहरूलाई मताधिकार दिनु पर्दछ ,लाखौंको संख्यामा रहेका प्रवासीहरूलाई आफ्नो अधिकार बाट बन्चित गराउन हुँदैन भनेर ज्ञापनपत्र बुझाएका छौं प्रवासी नेपालीहरूलाई नेपालको चुनावमा भोट दिने अधिकार दिनु पर्छ । प्रवासमा बसेर आफ्नो प्रतिनिधि चुन्ने अधिकार दिनु पर्दछ भन्दै आएका छौं । तर अहिलेसम्म कुनै सरकारले पहल सम्म नगरी प्रवासी नेपालीहरूलाई अपमान गरेको छ । नेपालको अर्थतन्त्रमा प्रवासी नेपालीहरूको महत्वपूर्ण भूमिका रहेको छ तर प्रवासी नेपालीहरूको लागि नेपाल सरकारले अहिलेसम्म केही गरेको छैन । खासगरी भारतमा नोकरी गर्दै आएका नेपालीहरूको पीडा बारे यो सानो लेखमा समेट्न सकिँदैन तर पनि भारतमा नोकरी गरी बसेकाहरूको जिन्दगी धेरै कष्टपूर्ण छ । कुनै नेपालीको मृत्यु हुन्छ भने लास जलाउन कानुनी प्रक्रिया पूरा गर्न धेरै अप्ठ्यारो छ । पुलिस प्रसाशनले नेपाली हो भन्ने थाहा भयो भने अनेक कुरा गर्छ ,अपमान गर्छो किन भने नेपालमा नेपाली जनताको लागि काम गर्ने सरकार छैन । आफ्नै नातागोताको लागि मात्र सरकार छ । अहिले भारत सरकारले विदेशी भगाउ भन्ने अभियान चलाएको छ भोटर आइडि भयो भने तिम्रो बुबाको भोटर आइडि देखाउ भनेर सोधपुछ गरेको छ तिमीले भारतीय नागरिकता ( भारतीय सिटिजनसिप ) किन लागू गरेनौं भनेर सोधेको छ । दोस्रो कुरा नेपालीहरूका छोराछोरीहरू भारतमै जन्म भएर यतै पढाइ लेखाइ गरेपछि नोकरीको लागि पुलिस स्टेसनमा केही डकुमेन्ट प्रमाणित गर्नु पर्दछ भने पुलिसहरूले तिम्रो आमा बुबाहरू नेपाली भएकोले तिमीलाई नोकरीको लागि गरिने जाचबुज पेपर हामी गर्दैनौ भनेर रोक लगाएको छ । जबकि नेपाली भएपनि भारतमै जन्मेको र शिक्षा दिक्षा लिएको, भारतमा पढेको बच्चाहरूले नोकरी गर्न समस्या छ भने हामी नेपालमा जन्मेर रोजगारी गर्न आएका मान्छेको के हालत होला? आफै अनुमान लगाउन सकिन्छ । आधार कार्ड बिना केही पनि काम गर्न सकिँदैन । स्वास्थ्य चेकजाँच गर्न ,बच्चा स्कुल भर्ना गर्न , रेल वा हवाई जहाजको टिकट लिन बैंक खाना खोल्न मान्छेको मृत्यु हुदा सबै ठाउँमा आधार कार्ड बिना केही काम हुदैन । हामीले धेरै चोटी नेपाल सरकारसित प्रवास नेपालीका पीडाहरू पोख्दै आएका छौं । कहिले भारतमा रहेको नेपाली राजदूतवास मार्फत ज्ञापनपत्र दिने कहिले नेपालमै गएर प्रधानमन्त्री परराष्ट्रमन्त्रीलाई समेत ज्ञापनपत्र बुझाएका छौं तर हामीलाई खाली अवसान बाहेक केही मिलेको छैन ।

आगामी २०८२ फागुन २१ गते आम निर्वाचन हुदैछ त्यसमा प्रवासी नेपालीहरूले प्रवासबाट भोट हाल्न पाउने छैन । अहिलेको निर्वाचन संविधान अनुसार भन्दा पनि जेनजी आन्दोलनको नाममा असंवैधानिक सुशीला कार्कीको नेतुत्वमा रहेको अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको इसारामा चुनाव हुँदैछ । त्यसमा नक्कली कम्युनिस्टहरू सत्तामा जानकोलागि आतुर भएकाछन् । भने अर्को तिर अमेरिकी साम्राज्यवादद्वारा संचालित पार्टी पनि मरिहत्ते गरिरहेका छ । हाम्रो के मत छ भने यो दलाल संसदीय व्यवस्थाले नेपाली जनताका आधारभूत समस्या समाधान हुनेवाला छैन । त्यसकारण त्यसको ठाउँमा स्वाधीन सयुक्त जनसरकार गठन गरी त्यसको नेतृत्वमा जनसंविधान निर्माण गरेर नेपाली जनतालाई अधिकार सम्पन्न बनाउने हाम्रो तात्कालीन योजना भएकोले क्रान्तिकारी कम्युनिस्ट पार्टी लगायत ६ वटा पार्टी मिलेर यो चुनावको बहिष्कार गर्ने निर्णय गरेका छन् । यो दलाल संसदीय व्यवस्थाको भन्डाफोर गरौं जनसंविधान निर्माणको दिशामा अगाडि बढौं । आदरणीय आमाबुबा, दाजुभाइ ,दिदीबहिनीहरूमा हामी प्रदेशी श्रमजीवी नेपाली नागरिकको तर्फबाट यही नै अनुरोध छ ।

# जनयुद्धकालीन सामाजिक यथार्थताको उद्घाटक प्लास्टिकको फूल



● प्रा.डा. नन्दीश अधिकारी ●

प्लास्टिकको फूल कथासङ्ग्रह खगेश्वर भण्डारीद्वारा लिखित १२ ओटा कथाहरूको सँगालो हो। यस सङ्ग्रहभित्रका कथा द्वन्द्वकालीन घटनालाई जीवन्तरूपमा प्रस्तुत गर्न सक्षम देखिएका छन्। अझ यसो भनूँ विगतमा माओवादीद्वारा नेतृत्व गरिएको दीर्घकालीन जनयुद्धमा घटित घटनाहरूलाई आख्यानीकरण गरेर निर्माण गरिएका कथाहरूको सँगालो हो। यस कुरालाई लेखकले सङ्ग्रहका कथा सुरु हुनुभन्दा पहिले आफ्नै कलम शीर्षमा पनि स्वीकार गरेका छन् –

'यस प्लास्टिकको फूल कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू मेरो देखाइ, भोगाइ, पढाइ र सोचाइमा उनिएको ज्ञान, सिप र कल्पनाको मिश्रण हुन्। ... ... ...। जनयुद्धलाई अतिरञ्जित वा नजरअन्दाज गर्नबाट जोगाउनु युद्धकालीन पिँढीको जिम्मेवारी हो। युद्धकालीन पिँढी र युद्धमा सहभागी पुस्ताबाट सत्यकुरा लेखिएन भने यसको ऐतिहासिक समीक्षा गलत हुनसक्छ।'

यस प्रकार लेखकद्वारा आफ्ना कथालाई जनयुद्धकालीन समयका सत्य घटनामा आधारित छन् भनिएको छ। यसो भनेर आफूले आउने पुस्ताले जनयुद्धकालीन समयको सत्यसँग परिचित बनोस भनी कर्तव्य पूरा गरेको हो भन्ने आसय व्यक्त गर्ने खगेश्वर भण्डारी मुख्यतः दाङ तुलसीपुरका स्थायी बासिन्दा हुन्। सामान्यतः आफ्नो जीवनवृत्तिको बाटो शिक्षण कार्यलाई रोजेका भण्डारी साहित्य सृजनाका साथै चित्रकारितामा पनि उत्तिकै सक्रिय छन्। विभिन्न पुरस्कारद्वारा सम्मानित भण्डारीका २०६६मा रातो सिपाही (खण्डकाव्य), २०७१मा सेतो विस्तरा (उपन्यास) र २०८२मा जीवनसूत्रका गीत (किशोर कविता) प्रकाशित भएका छन् भने फेरि २०८२मै प्लास्टिकको फूल (कथासङ्ग्रह) पनि प्रकाशित भएको छ। यही पछिल्लो कृति प्लास्टिकको फूल कथासङ्ग्रहको यहाँ परिचयात्मक चर्चा गरिँदै छ।

यस कथा सङ्ग्रहका बारेमा लेखकद्वारा जनयुद्धकालीन समाजको सत्यतालाई आख्यानका रूपमा प्रस्तुत गरिएको भनिए पनि सबै कथामा जनयुद्धरत समाज मात्र नभएर आफू बाँचेको समाजका कतिपय सार्वभौमिक एवं सार्वकालिक याथार्थिक विषय पनि कथाका आधारभूमिका रूपमा जस्ताको तस्तै आएका छन्। त्यसैले सङ्ग्रहका कथालाई कथाका आधारभूमिका आधारमा जनयुद्धप्रभावित समाजका कथा र जनयुद्धेतर समाजका कथाका रूपमा छुट्याएर हेर्न सकिन्छ। यसै आधारमा कथालाई दुई भागमा विभाजित गरिएको छ। यो विभाजन पङ्क्तिकारले आफ्नो सजिलोका लागि मात्र गरेको हो अन्य अध्येता पनि यसैमा आबद्ध हुनुपर्छ भन्ने छैन।

अतः जनयुद्धप्रभावित समाजका कथा र जनयुद्धेतर समाजका कथाको अत्यन्त संक्षिप्त परिचय यसपछि क्रमशः प्रस्तुत गरिँदैछ।

***१) जनयुद्धप्रभावित समाजका कथा***

जयुद्धप्रभावित समाजका कथा भनेर यहाँ त्यस्ता कथालाई भनिएको हो जुन कथामा समाजमा जनयुद्धको प्रभावको यथार्थतालाई आख्यानीकरण गरिएको छ। त्यस्ता आख्यानीकरण गरिएका कथाको संक्षिप्त परिचयात्मक चर्चा क्रमशः प्रस्तुत गरिँदै छ।

जनयुद्धप्रभावित समाजका कथा अन्तर्गत पहिलो कथाको शीर्षक रातो चुन्नी हो। यस कथामा जन्मनासाथ बाबुआमाको वात्सल्य प्रेमबाट वञ्चित भएको कथाको नायक जयको जीवनमा घटेको घटनाको यथार्थतालाई आख्यानीकरण गरेर प्रस्तुत गरिएको छ। कथामा जिम्दारको करणीबाट जन्मिएको कथा नायकले करणी गर्ने र आफ्नी आमालाई हराउन बाध्य पार्ने जमिनदारलाई फेलापारेर पनि उसप्रति सहानुभूति व्यक्त गरेको कुरा बुढी आमैलाई सुनाउँछ र आमाको चिनो रातो चुन्नीको आधाभाग देखाउँछ र आफ्नो यात्रामा अघि बढछ। चुन्नी देखेर आफ्नो जेठो छोरो भन्ने थाहा पाए पनि उनले केही भन्दिनन् तर पछि उसैलाई खोज्दै आएको सेनाले बुढी आमैको हत्या गरेपछि जय पनि त्यहीँ आइपुग्दा आफ्नै आमा भएको थाहा पउँछ र बुढी आमैको छोरो आफ्नो भाइलाई पनि साथै लिएर नयाँ युगको बाटोमा अग्रसर हुन्छ र यहीँ कथाको समापन पनि हुन्छ।

दोस्रो शीर्षक प्रताप सर हो। यस कथामा प्रताप सर नै कथाको मुख्य पात्र हो। ऊ स्कूलको एउटा असल शिक्षक पनि हो। तर, एक दिन स्कूलमा 'गंगालालको रगत' नाटक चलिरहेको वेला नाटकको अन्त्यतिर गंगालालको अभिनय गरिरहेको बाँधिएको अवस्थामा एक्कासि सेना आएर गोली हान्छ र प्रताप सरको साँच्चै मृत्यु हुन्छ र कथाको पनि अन्त्य हुन्छ। तर, यहाँ एक्कासि सेना आउनु र प्रताप सरको हत्या गर्नुको कारण भने स्पष्ट भएको छैन।

तेस्रो कथा सुनौलो फल हो। यस कथामा जनयुद्धका समयमा एकजना माओवादी संगठकले आफू बसेको घर(सेल्टर)वाला पनि युद्धमा जाने भएपछि त्यस घरको बालकलाई सुनौलो बिहानीको फल ल्याइदिने बाचा गरेर दुवै हिंडेका हुन्छन्। खाराको युद्धमोर्चामा त्यो बालकको बाबु गोकुल दाइ सहिद भएपछि घरमा खबर दिन आएका गोकुलका साथीहरूले बालकलाई त्यो फल पकिनसकेको र पाकेपछि ल्याइदिने वाचागर्दै हिंडेका हुन्छन्। यता बालक हुर्किएपछि त्यो फलको कुरा बुझ्नेर आफ्नो बाबु सहिद भएको र आफू पनि त्यही फलको पर्खाइमा रहेको चिठी त्यही संगठक (म पात्र) ले प्राप्त गरेपछि कथाको अन्त्य भएको देखाइएको छ।

चौथो कथा प्रतिफल हो। यस कथामा गाउँमा माओवादीको सुराकी गरेर उनीहरूलाई गिरफ्तार गराउने, थुनाउने र मराउनेसम्मको काम गरिरहेको जगन्नाथ नामको पात्रले एकपटक माओवादी कार्यकर्ता बसिरहेको सेल्टरमा सेना लिएर आउँदा माओवादीको साटो उसैको आफ्नै छोरो शम्भु मारिएको देखाइएको छ। यसबाट के भन्न खोजेको महसुस हुन्छ भने अर्काको कुभलो गर्नेले सजाय स्वरूप आफ्नै नोक्सानी गरिरहेको हुन्छ।

पाँचौं कथा फेरि पनि शीर्षकमा छ। यो जनयुद्धको घाइतेअपाङ्ग भएर विवश जीवन बाँचिरहेको योद्धाको परिवारको दारुण कथा हो। यसमा युद्धका वेला सिसिएमलाई बँचाउँदा दुवै खुट्टा गुमाउन पुगेको योद्धा(शेखर)को जीवनको विवशता, निरीहता र उसले भोगेको दुःखलाई देखाइएको छ। अन्त्यमा उसकी जीवनसँगी सालिनीले अब हामी हाम्रालागि संघर्ष गर्ने हो भनेपछि कथाको अन्त्य भएको छ।

छैटौं कथा एक जोर जुत्ता हो। यो जनयुद्धमा बेपत्ता भएको व्यक्तिको परिवारको दर्दनाक एवं दारुण कथा हो। यो पहिले युद्धका वेलामा शरण लिएर जुत्ता र ज्याकेटसमेत मागेर लगाउने माओवादी कार्यकर्ता गणतन्त्र आएपछि मन्त्री भएको र त्यही व्यक्तिलाई जुत्ता र ज्याकेट दिएर सहयोग गरेकै कारण बाबुलाई बेपत्ता पारिएको एक युवक आफ्नी आमालाई अस्पतालमा राखेर मन्त्री भेट्न जाँदा अपमानित भएर फिरेपछि विदेशिएर आमाको उपचारमा लागेको ऋण तिर्नुपरेको दयनीय स्थिति र सत्तासीन बिग्रिएको माओवादीको परिचयात्मक कथा पनि हो – एक जोर जुत्ता।

सातौं कथाको कीर्षक बुढी बोईको कथा हो। यो युद्धकालीन समयमा घटेको घटनाको आख्यानीकरण गरिएको कथा हो। यसमा सेनाले गाउँ सर्च गर्दा आशङ्काका भरमा मान्छेलाई गिरफ्तार गरेर जङ्गलमा लगी मारेका थुप्रै घटनाको प्रतिनिधित्व भएको छ। यो कथा एकजना बुढी बोईले आफ्ना छोराबुहारी हर्क र दिलमायाँ यसरी मारिए भनेर आफ्नो पनातिलाई सुनाएपछि कथाको अन्त्य भएको छ।

यसरी उक्त सातैओटा कथा जनयुद्ध प्रभावित समाजको यथार्थलाई प्रस्तुत गर्न सफल भएका छन् भने जनयुद्ध प्रतिको आस्थामा बाँचेका पात्रहरू अझै पनि क्रान्तिको आशामा सहिदका सपना साँचेर बसेका छन् भन्ने कुरालाई पनि देखाएका छन्।

***२) जनयुद्धेतर समाजका कथा***

जनयुद्धेतर समाजका कथा भनेर यहाँ त्यस्ता कथालाई भनिएको हो जुन कथामा नितान्त समाजको सामाजिक यथार्थको आख्यानीकरण गरिएको छ। यस्ता कथामा जनयुद्धको खासै प्रभाव देखिँदैन तर समाजमा भने त्यस प्रकारका सामाजिक घटना सार्वकालिक एवं सार्वभौमिक रूपमा भटित भएका देखिन्छन्। यहाँ त्यस्तै कथाको संक्षिप्त परिचयात्मक चर्चा गरिँदै छ।

जनयुद्धेतर समाजका कथा अन्तर्गत पहिलो कथा बुढेसकाल हो। यस कथामा हाम्रो समाजको सामाजिक यथार्थतालाई जस्ताको तस्तै उतार गरिएको छ। यसमा आज एउटा परिवारका बुढाबुढीले आफ्ना सन्तानलाई हुर्काएर सक्षम बनाउँछन् तर सन्तन भने तिनै आमाबाबुलाई छोडेर सहरमा वा विदेशमा गएर बस्ने गरेका घटना सर्वत्र छन्। बेसहारा भइसकेपछि आमाबाबु वृद्धाश्रममा पुग्ने गरेका छन्। हाम्रो समाजको सार्वकालिक एवं सार्वभौमिक बनेको यही यथार्थलाई यस कथाले जस्ताको तस्तै प्रस्तत गरेको छ।

दोस्रो कथाको शीर्षक बौलाहाको कथा हो। मान्छेलाई देश, काल, परिस्थिति, वातावरण दुराचारी समाजले बौलाहा बनाउन सक्छ, जसरी यस कथाको एउटा, बिएससि पास, भद्र शिक्षक व्यावहारिक कौशलका अभावमा बौलाहा कहलिएर सडकमा भौंतारिदै हिंडन बाध्य भएको छ तर उचित सङ्गत र वातावरण पाउनासाथ ऊ फेरि राम्रो बनेको छ। बौलाहा बनेको रघुवीरको जीवनभरिको सम्पूर्ण कमाई म्यानपावर कम्पनीले खाइदिएपछि र उसको उजुरी कसैले नसुनेपछि बिस्तरै ऊ सामान्य समाजका आँखामा बौलाहा बन्यो। यस प्रकारको बौलाहाको कथा हाम्रो समाजको सामाजिक यथार्थका रूपमा पर्याप्त मात्रामा देख्न र सुन्न पाइन्छ। यो कथा समाजको यही र यस्तै यथार्थताको आख्यानीकरण हो।

भयभ्रष्ट तेस्रो कथाको शीर्षक हो। यस कथामा मरुभूमिमा मृगशावकको जीवन पानीको खोजीमा यतार उत गर्दागर्दै अन्त्य भएको देखाइएको छ। यस पकारको कथा मृगतृष्णाका रूपमा अन्यत्र व्याख्यायित छ। मान्छेको जीवन पनि त्यही मृगतृष्णामा आबद्ध छ भन्ने मत परापूर्वकालदेखि चलिआएकै छ। यद्यपि यसमा मृगलाई शक्तिशाली हिंस्रक जन्तुको भयबाट भीत भएर भौंतारिएको वा पथबाट विचलित भएको देखाइएको छ तथापि मृगतृष्णाको वर्णन पर्याप्त गरिएको छ। अतः यो कथाले पनि सार्वकालिकता र सार्वभौमिकताको धर्मको निर्वाह गरेको छ।

चौथो कथा पुर्खाको नासो हो। नेपालको सीमाको रक्षाका लागि धेरैले आफ्नो जीवनको वलिदान गरेका छन्। यसमा त्यही वलिदानको तीनपुस्ते कथा छ। दुई पुस्ताले आफ्नो जीवनको अन्त्य गरिसकेका छन् भने सीमाको सुरक्षाको जिम्मा अब नयाँ पुस्ताको वा भविष्यको पुस्ताको हातमा आएको छ। यसैको प्रतीकका रूपमा नेपाली खुकुरी रुद्रवीरको नातिका हातमा आइपुगेको कथा हो पुर्खाको नासो, खुकुरीको तीनपुस्ते कथा, नेपालीको नियमितता।

पाँचौं कथा प्लास्टिकको फूलमा वर्तमानको कृत्रिमताको यथार्थलाई आख्यानीकरण गरिएको छ। आज हाम्रो समाजमा मान्छे प्रकृति र प्राकृतपनबाट क्रमशः टाढा हुँदै गएको र कृत्रिमतामै रमाउन थालेको छ। कथामा हजारी फूललाई भन्दा प्लास्टिकको फूललाई महत्व दिएको देखाइएको छ। यस्तो देखाएर आजको मान्छेको बौद्धिकताप्रति व्यंग्य गरिएको छ। यसरी उक्त पाँचैओटा कथामा समाजमा सार्वकालिक र सार्वभौमिक रूपमा घटित भइरहेका सामाजिक घटनाको यथार्थताको आख्यानीकरण भएको छ।

अतः निस्कर्षका रूपमा के भन्न सकिन्छ भने खगेश्वर भण्डारीका कथामा हाम्रो समाजका यथार्थ घटनालाई आख्यानीकरण गर्न कथाकार सफल भएका छन् भने जनयुद्ध कालीन समाजका अनेकौं दुर्दान्त घटना र तत्कालीन सरकारी सेनाका घातबाट विक्षिप्त बनेका र आक्रोशित बनेका सामाजका कतिपय परिवारका पीडा, आक्रोश र जनताका समस्यालाई सफलतापूर्वक आख्यानीकरण गरिएको छ।

***खगेश्वर भण्डारी***
***प्लास्टिकको फूल (कथासंग्रह)***
***अक्षरधाम प्रकाशन***




## ❑ यो साता कविता

## "अस्मिताको लुट"



❑ प्रभात भट्टराई

*तिमीलाई*
*अस्मिता लुट्ने छुट छैन !*
*रण्डी बनाउने छुट छैन !*
*तिमीलाई शरीर बेच्ने दास बनाउने*
*यो पापी व्यवस्था चिरफार गरिनेछ।*

*सत्ता टिकाउने सौदाबाजहरुले –*
*साम्राज्यवादका पाल्तु कुकुरहरुले –*
*कम्युनिस्टको नाममा*
*महिलाको अस्मिता च्यात्छन्,*
*आत्मसम्मानमा हँसिया हान्छन्।*

*सारसंग्रहवादीहरु –*
*नव उदारवादी ठेकेदारहरु –*
*सुरिलो भाकामा भन्छन्ः*
*"यो त यौन श्रम हो !"*

*कसले दिएको यो नाम ?*
*कसले बनायो शरीर बेच्नुपर्ने बाध्यता?*
*कसको आँगनमा हुर्किए यी पाल्तु ब्वासाहरु?*
*साम्राज्यवादको छायामा हुर्किए,*
*अवसरवादीहरुको चाकरीमा पलाए।*

*उनीहरु –*
*मोटो शरीर हेर्छन्,*
*स्लिम बडी हेर्छन्,*
*आँखा भरि राक्षसी लालसा पलाउँछ,*
*कोठाभित्र झम्टिन्छन्,*
*कोरा अनि बिलेट लगाउँछन्,*
*लुट्छन्, कोपर्छन्, रक्ताम्य बनाउँछन्।*

*र तिनीहरु भन्छन् –*
*"तेरो शरीर त मिलेन नि !"*
*र लात्तीले हान्दै मञ्चमा चढ्छन् ।*
*कम्युनिस्टको नक्कली झण्डा फहराउँछन् ।*
*"यौन श्रमिकको अधिकार!" भनेर*
*रेड लाइट एरियाको नारा उचाल्छन् ।*

*त्यही भेषमा –*
*कलम चलाउँछन्, कविता लेख्छन्।*
*घोषणा पत्र लेख्छन्।*
*आमा बेच्छन् ।*
*दिदीबहिनी बेच्छन्।*
*भावना बेच्छन् ।*
*ममता बेच्छन् ।*
*मानवता बेच्छन्।*

*र भन्छन् –*
*"पुरानो मार्क्सवाद, लेनिनवाद, माओवाद सकियो।*
*अब त नयाँ खोल चाहिन्छ।"*

*बुझ्ने भनेको रक्षा होइन रे!*
*बदल्ने भनेको विकास होईन रे!*
*दिग्भ्रम फैलाउने अवसरवादी!*

*तर सुन –*
*हामी बुझिसकेका छौं तिम्रो चालः*
*नव उदारवादको भेषमा –*
*श्रम र अस्मिताको लुट,*
*ममता र मानवताको बेइज्जत –*
*अब सहिन्न।*

*ओ साम्राज्यवाद !*
*ओ कठपुतली पाल्तुहरु !*
*ओ नव उदारवादका गद्दारहरु!*

*तिमीहरुको यो लिला अब समाप्त हुनेछ।*
*सर्वहारा वर्गको क्रान्ति –*
*अस्मिता, ममता र मानवताको रक्षा गर्दै*
*तिमीहरुको सिंहासन ध्वस्त गर्नेछ।*

*यौन शोषण , महिला हिंसा के हो ?*
*मार्क्सवाद, समाजवाद के हो ?*
*पुजीवाद, नव उदारवाद, साम्राज्यवाद के हो ?*
*सार संग्रहवाद , संसोधनवाद, मिलेरावाद के हो ?*

*"तिनीहरु मरे – तर कहिल्यै दास भएन !"*
*चुनु गुरूङ, निर्मला देवकोटा –*
*यी नामहरुले झस्काउँछ इतिहासलाई।*
*सुभद्रा सापकोटा, दिलमाया योन्जन –*
*यी अनुहारहरुले जलाउँछ क्रान्तिको मशाल।*
*सुशिला पाण्डे, महिना सुनार –*
*यी सपनाहरु बने*
*जनताको स्वतन्त्र भविष्यको आधार!*

*हिजो तिनीहरु मरे,*
*तर आजको कथित कम्युनिस्ट*
*शरीर बेचेर स्वतन्त्रता खोज्न थाल्यो,*
*"यौन श्रमिक" भन्ने नाममा*
*दासताको सौन्दर्यकरण गर्न खोजियो।*

*तर सम्झ –*
*चुनु गुरूङ दास बनेकी थिइनन्!*
*निर्मला देवकोटाले अस्मिता बेचिनन् !*
*महिना सुनारले आत्मसम्मान लुट्न दिइनन् !*
*दिलमाया योन्जनले ममता स्वाभिमान लुट्न दिइनन् !*

*तिनीहरुले देखाएको बाटो*
*रगतले लेखिएको घोषणा पत्र हो –*
*'महिला हुँ, दास होइन।'*
*'क्रान्तिकारी हुँ, सम्पत्ति होइन।'*
*'रातो सिपाही हुँ, बलात्कृत होइन।'*

*यी सहिदहरुलाई सलाम!*
*तिनीहरुको सपना*
*हामीमा बाँचेको छ।*
*हामी उठ्नेछौं –*
*यौन पिचास, साम्राज्यवाद र नव उदारवादको विरूद्ध*
*फेरि अर्को क्रान्ति न्यायका लागि !*
*अब उठ्छ आमा दिदीबहिनीको रगतको ज्वालामुखी,*

## वैचारिक...

वालेन पनि संघीयताको विपक्षमा रहेको आइरहन्थ्यो। अहिले वालेन र रास्वपा घोर संघीयतावादी बनेका छन्। त्यो पार्टीका नेता कार्यकर्तामा कुनै असर परेको देखिन्न। संघीयताको विरुद्धमा रहँदा पनि वा वालेन वा रवि, संघीयताको पक्षमा रहँदा पनि वा वालेन वा रवि !वैचारिक स्खलनको ताजा प्रमाण यसलाई लिन सकिन्छ।

६. पुराना भनिने पार्टीका नेतृत्व शुरुमा राम्रै थिए। सरकारमा गएपछि जीवन शैलीमा परिवर्तन आएको थियो। विवादित पात्रहरू नेतृत्वमा थिएनन्। क्रमशः विवादित बन्दै गएका छन्। प्रचण्डको जुत्ता , पलङ्ग , छोरीको व्याग , छोराको दोस्रो विवाह जस्ता विषयमा चर्चा गर्ने युवा पुस्ता तथा नेपाली समाज , एमालेलाई आर्थिक सहयोग गर्ने भाटभटेनी मालिकका स्टोरहरू जलाउने युवा पुस्ता , शेरवहादुर , ओलीलाई भ्रष्टाचारीको संरक्षण र भ्रष्टाचारमा संलग्नता रहेको आरोप लगाउने युवा पुस्ताले सहकारी ठगीको मुद्दामा बिगो बुझाउने , धरौटी तिर्दै हिड्ने , अनेकौं विवाह गर्दै हिड्ने , नागरिकता , राहधानी दुरूपयोग सम्बन्धी विवादमा परेका रवि लामिछाने र आठ करोडको गाडी उपहार लिएर ढल्कदै हिडने वालेनको विषयमा किन मौन देखिन्छ। विषय गम्भीर छ।

७.सामाजिक सञ्जाल मार्फत नयाँ सामन्तहरू जन्माउने प्रयत्न भएको देखिन्छ। सामाजिक सञ्जाल जसले खरिद गर्न सक्छ , त्यो रातारात नायक बन्छ। कथित नायक बनेकाहरूलाई प्रश्न गर्दा , आलोचना गर्दा , विरोध गर्दा आक्रमण गर्ने अरिङ्गल तैयार पारिएको छ। कथामा शंकर भगवान नाङ्गै भएपनि राम्रो मानिन्थ्यो। अहिले पनि व्यक्तिलाई देवत्वकरण गर्ने प्रवृत्ति बढेर गएको छ।

अन्त्यमा - सुचना संचार प्रविधिको सदुपयोग गरौं। आलोचनात्मक चेतको विकास गरौं। नीति कार्यक्रममा छलफल चलाऔं। पात्र परिवर्तन होइन , व्यवस्था परिवर्तन गर्न लागौं। वैचारिक समाज निर्माण गरौं।

## पार्टी र...

भएको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल र नेवाः राष्ट्रिय मुक्ति मोर्चाले मृतक लक्ष्मी सुलुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ। मृतक लक्ष्मी सुलु लामो समयदेखि मृगौला, फोक्सो, मुटु लगायतका रोगबाट पीडित हुनुहुन्थ्यो। पार्टीका महासचिव सीपी गजुरेल गौरवले जारी गरेको प्रेस वक्तव्यमा भनिएको छ, "उहाँ हाम्रो पार्टीका वैकल्पिक केन्द्रीय समिति सदस्य कमरेड श्रीकृष्ण सुलुकी ममतामयी आमा हुनुहुन्थ्यो। उहाँका ३ छोरा, ३ बुहारी र नाति नातिनाहरू हुनुहुन्छ। उहाँको निधनबाट पार्टीले एकजना असल शुभचिन्तक र परिवारले कुशल अभिभावक गुमाएको छ। दुःखको यस घडीमा हाम्रो पार्टी लक्ष्मी सुलुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, क. श्रीकृष्ण सुलु लगायत सम्पूर्ण शोकाकूल परिवार, साथीभाइ तथा शोकसन्तप्त आफन्तजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।"

त्यसैगरी नेवाः राष्ट्रिय मुक्ति मोर्चाका संयोजक पवनमान श्रेष्ठले जारी गरेको वक्तव्यमा भनिएको छ, - "हाम्रो गौरवशाली मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःको पूर्व केन्द्रीय सचिव तथा हालको राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य श्रीकृष्ण सुलुका ममतामयी आमा लक्ष्मी सुलु ९२ उमेरमा उपचारका क्रममा केएमसी हस्पीतलमा हिजो पोहेलागाः आमै (माघ ४ गत) ५:३० बजे साँझ निधन भयो। उहाँ किड्नी, फोक्सो आदि रोगबाट पीडित भएर उपचार भैरहेको र हस्पितलमा रोगीको अवस्थाअनुसार उपचारको व्यवस्था तथा व्यवस्थापनको अभावमा उहाँको आकस्मिक निधन भयो। श्रमजीवी किसान तथा उत्पीडित नेवाः जातिको पक्षमा सन्तानहरूको मन लगाउन सफल रहनु भएका निधन हुनु भएका ममतामयी आमा लक्ष्मी सुलुप्रति नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः हार्दिक श्रद्धान्जली अर्पण गर्दैं शोककुल श्रीकृष्ण सुलुलगायत उहाँका परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।

निधन भएका आमा लक्ष्मी सुलु विस १९९० जेठ २० गते किसान परिवारमा जन्मनु भएका र बिवाहपछि ब्यासी भक्तपुर घरमा तीन जना छोरा र तीन जना छोरी हुर्काउनु भयो। उहाँका छोराहरू शिवभक्त सुलु, शिवराम सुलु र श्रीकृष्ण सुलु तथा छोरीहरू लक्ष्मी त्वाजु, मैयाँ केसरी सुवाल र शिव माया बोजु हुनुहुन्छ।"

## बहिष्कार...

अवस्था अर्ध सामन्ती अबस्थामा त छँदै थियो। दोस्रो विश्वयुद्धपछि अमेरिकी साम्राज्यवादको नेतृत्वमा कथित विश्व व्यवस्था तय गरिएको थियो। हाम्रो राज्य अहिले नवऔपनिवेशिक अवस्थामा छ। यहाँ नेपालमा राजनीतिक दल र नेताहरू पटकपटक जनताको अभिमत लिएको बताउँदै सत्तामा पुगेर विश्व साम्राज्यवादको सेवा गर्ने काम गरिरहेका छन्। त्यसकारण आजको देशको यो अवस्था आएको हो। २०७२ सालमा जारी गरिएको संविधानमा राज्यलाई समाजवाद उन्मुख भनिए पनि आज हाम्रो देशको अवस्था कस्तो छ भन्ने कुरा तपाईंले देखिरहनु भएको छ। आज उखु कृषकहरूले उखुको मूल्य नपाएर काठमाडौँमा आएर धर्ना बस्नुपर्ने स्थिति आएको छ। सहकारी ठगीमा परेका जनताहरूले सडकमा आउनुपरेको छ। रोजगारी नपाएका युवाहरू विदेश जानुपरेको छ। भन्न त आधुनिक युग भन्ने गरिएको छ। तर महिलाहरू सामन्ती र मध्ययुगीन शोषणबाट उत्पीडित भएका छन्। भदौ २३ र २४ को जेन्जी आन्दोलन विद्रोहमा परिणत भयो। यो आन्दोलन सामाजिक सुनामीको रूपमा अगाडि बढ्यो। दुई दिनमै देश तहस नहस भयो। सेनाले शासनसत्ता आफ्नो हातमा लिएर सेनाकै सिफारिसमा सुशीला कार्की नेतृत्वको कठपुतली सरकार बन्यो। फेरि पनि त्यही संसदीय परिपाटीलाई, संसदीय गोलचक्करलाईअगाडि बढाउन फागुन २१ को निर्वाचन घोषणा गरिएको छ। तपाईंले यहाँ हेर्नुस् त , यहाँ कस्ता मान्छे अगाडि आएका छन्।२०४६ सालको जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्य भयो। ६२ -६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र आयो तर आफूलाई कांग्रेस ,कम्युनिस्ट भन्नेहरूले देशमा राष्ट्रघात, जनघात , ,नातावाद कृपावादलाई अगाडि बढाउने काम गरे। अहिले जनतालाई ठगेर खानेहरू समेत पार्टी गठन गरेर अगाडि आएका छन्। यस प्रकारको हासास्पद अवस्था देशमा सिर्जना भएको छ। आगामी फागुन २१ गते संसदीय निर्वाचन घोषणा गरिएको छ। त्यसलाई हामीले कथित निर्वाचन भनेका छौँ। निर्वाचनबाट को आउने हुन् भन्ने कुरा अनुहार तपाईंले देखिसक्नुभएको छ। त्यसमा आउने र बन्ने सरकार पनि त्यही प्रकारका अनुहारहरू हुनेछन्।

यहाँ नेपालको सरकारले बनाउने बजेट नीति र कार्यक्रम यो सरकारले आफै बनाउन सक्दैन। ती सबै अन्तर्राष्ट्रिय साम्राज्यवाद र एकाधिकार पूँजीपतिहरूले नियन्त्रण गरेका हुन्छन्।विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक जस्ता साम्राज्यवादी दातृ निकायहरूको आदेश र निर्देशनमा यहाँको नेपालको सरकारको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्ने गरिएको हुन्छ। यसरी अन्तर्राष्ट्रिय संस्थाहरूले नेपाललाई नवऔपनिवेशिक अवस्थामा पुऱ्याएका छन्। चुनावबाट जितेर संसदमा जाने , सरकार बनाउने, सत्ता पक्ष र प्रतिपक्षमा बस्नेहरू साम्राज्यवादका दलाल हुन्। त्यसकारणले गर्दा हामीले के भनिरहेका छौं भने यो दलाल संसदीय व्यवस्थाको खारेज गरेर त्यसका ठाउँमा जनताको स्वाधीन संयुक्त सरकार बनाउँदै जनवाद हुँदै वैज्ञानिक समाजवाद तर्फ अगाडि बढ्नुपर्दछ। शिक्षा,स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जनताका आधारभूत आवश्यकताहरूलाई राज्यले जिम्मा लिने, नेपालको प्राकृतिक स्रोत साधन र मानवीय संसाशाधनलाई अधिकतम प्रयोग गर्दै, जनताको बहुआयामिक हितका लागि दीर्घकालीन सोचसहित हामी अगाडि जान चाहन्छौं। यो अवस्थामा हामी चुनावमा भाग लिन चाहन्नौं। निर्वाचन बहिष्कार गर्ने घोषणा गर्दछौं।। सम्पूर्ण जनतालाई यसमा सहयोग गर्नुहुन हामी आग्रह गर्दछौं। अहिले हामीले जुन बहिष्कारको कार्यक्रम लिएका छौं, यसलाई हामीले प्रारम्भिक जनसंघर्षको रूपमा लिएका छौं। जनसङ्घर्षलाई प्रतिरोध सङ्घर्ष र प्रतिरोध संघर्षलाई सशस्त्र विद्रोहमा परिणत गरी यहाँका वास्तविक गरी खाने वर्गको सत्ता स्थापना गर्न चाहन्छौं।

## सिमरामा...

थापाले स्वागत मन्तव्य राख्नु भएको थियो।

केन्द्रीय वक्ताले विषय प्रस्तुत गरेपछि पत्रकारहरू र हाउसबाट प्रश्नउत्तरको कार्यक्रम रहयो र केन्द्रीय वक्ताले हलमा उठेका प्रश्न तथा जिज्ञासाहरूको उत्तर दिएपछि अनिदव्दारा प्रतिवद्धता वाचन गर्नु भएको थियो। अन्तमा अध्यक्षबाट कार्यक्रमको समापन भएको थियो।

## कम्युनिस्ट...

***१६ जाते पनि त्यस्तै होला । यसबारे के भन्नुहुन्छ ?***

हिन्दु वर्णाश्रमले व्यवस्थामा तल्लो जात र उपल्लो जात हुन्छ। गुरुङहरू सबै बराबर हुन्। कोही ठूलो र सानो हुँदैन, छैन। तर गुरुङहरूलाई फाटो पार्न फरक फरक जातमा विभाजन गरिएको हो।

***घलेहरूले नै हामी गुरुङ भन्दा छुट्टै पहिचान सहित सूचीकृत हुन चाहन्छौं भनेको सुन्नु भएको छैन ?***

मैले भनिसके त गुरुङहरू सबै बराबर हुन्। घले कसरी अलग हुन सक्छ रु घले तपाईको जाति हो कि रु जात हो कि रु थर हो किरु के हो भनेर सोध्दा उहाँहरू अलमल पर्नु हुन्छ। उहाँहरू नै अस्पष्ट हुनुहुन्छ यो बेकारमा हामी गुरुङहरूलाई विभाजन गर्न खोजिएको हो।

***गुरुङहरूको भाषामा पनि त एकता छैन नि ?***

छैन। एकता छैन। जस्तै टोपीलाई लमजुङका गुरुङले मुलुक भन्छ। मनाङमा कुलु/पुलु भन्छ, कास्की -स्याङजामा कुले भन्छ। फरक फरक ठाउँमा भाषामा भिन्नता छ। एउटै लिपी छैन। एउटै भाषाको रूपमा विकास गर्ने प्रयास पनि भएको छैन। खस भाषामा पनि त एकरूपता छैन। तर भाषाको विकास हुँदै जाँदा मूलक्त एकरूपता कायम भएको देखिन्छ। त्यस्तै गुरुङ भाषालाई प्रयोग गर्दै विकसित तुल्याउँदै जाने हो भने एकरूपता आउन सक्छ।

***तपाईले लेखेको "गुरुङ जातिको लुकेको इतिहास" बारे बताउनुस् ?***

यो पुस्तकमा मैले गुरुङ जातिको इतिहास, गुरुङ जाति बसेको ठाउँको नाम, ठाउँको नामाकरण र त्यसको अर्थ, गुरुङ जातिको इतिहास, गुरुङ जातिको परम्परागत पेशाका बारेमा मैले चर्चा गरेको छु। यो मेरो पुस्तक अब चौथो संस्करण प्रकाशित हुन थालेको छ।

***अनि तपाईले लेखेको गुरुङ भाषाको शब्दकोष बारे ।***

आफ्नै मातृ भाषा भएकाले मलाई लेख्न गाह्रो भएन। आफ्नै भाषा लेखेको हुँ।

***नयाँ सरकार सुशीला कार्कीको नेतृत्वमा बनेको छ । आम चुनावको घोषणा गरिएको छ । यसबारे के भन्नुहुन्छ ?***

यसबारेमा मैले धेरै भन्नु छैन। मनाङमा चुनाव कस्तो हुन्छ भन्ने कुरा मैले अगाडि नै सुनाएँ। चुनाव पैसाको खेल हो। एउटा उम्मेदवारले अर्को उम्मेदवारलाई नै किनिदिन्छ भने मतदाता नकिन्ने त कुरै भएन। गत ०७९ को चुनावमा एउटा उम्मेदवारले हरेक मतका लागि २५ हजारका दरले पैसा खर्च गऱ्यो भने अर्को उम्मेदवारले प्रत्येक मतका लागि २० हजारका दरले पैसा खर्च गऱ्यो। मनाङ जिल्लामा त्यसै पनि मतदाता कम छन्। ९नोटः १५ सय /१६ ससय मत लि सक्नेले प्रतिनिधिसभाको सांसद जित्दछ मनाङमा कम भएकाले धेरै धेरै पैसा खर्च गरेर मत किन्ने गरिन्छ। तर हाम्रो परिवारले पैसा खाएन। यसपाली पनि विगतमा ज स्तै मत खरिद गर्ने हुन् जित्ने वाला सांसदले फेरि भ्रष्टाचार गर्ने हुन्। यस्तो चुनाव देखिरहेकै हो। जहाँसम्म नयाँ सरकारको कुरा छ। म त के भन्छु भने एकथरी चोरले देश खायो र देश खानका लागि फेरि अर्को थरी चोर आएको छ।

## स्वाधीनताको...

उभिनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

अमेरिकाले नेपालमाथि एमसीसी र एसपीपीमार्फत् कब्जामा लिने छिमेकी मुलुक चीनका विरुद्ध नेपाली भूमि प्रयोग गर्ने रणनीति बनाएको भन्दै उहाँले त्यसै रणनीति अनुसार अहिले आफ्ना खाँटी दलालहरूशोषित उत्पीडित आदिवासी जनजाति समुदाय पनि देशको स्वाधीनताका लागि एकताबद्ध भएर अगाडि बढ्नुपर्ने आवश्यकता औल्याउनु भयो।

त्यसैगरी क्रान्तिकारी किसान महासंघका संयोजक तथा आदिवासी जनजातिविज्ञ सीताराम तामाङले अहिले देशै रहन्छ कि रहन्न भन्ने स्थिति पैदा भएको भन्दै चुनाव बहिस्कार आन्दोलन राष्ट्रियता र स्वाधीनतासँग जोडिएको छ भन्नुभयो। दलालहरूले देशलाई कुनैपनि बेला विदेशीको हातमा बुझाउन सक्ने खतरा रहेको भन्दै स्वाधीनताको लडाइँ धेरै गम्भिर अवस्थामा पुगेको औल्याउनु भयो। र, उहाँले यो अवस्थामा सबै आदिवासी जनजातिहरू एकताबद्ध भएर निर्वाचन बहिस्कार आन्दोलनमा लाग्नुपर्ने र देशी विदेशी षड्यन्त्रलाई जनताको बिचमा सशक्त रूपले भण्डाफोर गरिनुपर्ने पनि बताउनु भयो। उहाँले अब नेपाली जनताले नयाँ जनवादी क्रान्तिको आवश्यकतालाई बोध गर्ने र क्रान्तिकारी शक्तिलाई साथ दिने दावी गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले अहिलेको नेपालको राजनीतिको एकमात्र सही र क्रान्तिकारी वैकल्पिक शक्ति रहेको र यसलाई यही रूपमा स्थापित गर्न संघर्षलाई संगठित रूपमा अगाडि बढाउनुपर्ने आवश्यकतामाथि पनि जोड दिनुभयो।

त्यसैगरी आदिवासी जनजाति महासंघका संयोजक पवनमान श्रेष्ठले पनि सम्पूर्ण आदिवासी जनजातिहरू एकताबद्ध भएर देशको स्वाधीनता र राष्ट्रियताको लडाइँलाई एकसाथ अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा क्रान्तिकारी महिला संगठनको तर्फबाट नेतृ शारदा महत, मगर राष्ट्रिय मुक्ति मोर्चाको तर्फबाट भरत बुर्जा मगर लगायतका नेताहरूले पनि भेला सफलताको शुभकामना मन्तव्य राख्नुभएको थियो।

साम्राज्यवादी स्वार्थको खतरनाक खेल

दशकौसम्म लोकतन्त्र, मानव अधिकार र अन्तराष्ट्रिय कानुनको नैतिक ठेकेदार बनेर उभिएको संयुक्त राज्य अमेरिका स्वयं ती मूल्यहरूलाई विस्थापित गर्दै शक्ति नै सत्य हो भन्ने खतरनाक सिद्धान्ततर्फ उन्मुख भएको छ। वर्तमान विश्व एउटा यस्तो जटिल र अनपेक्षित मोडमा आइपुगेको छ जहाँ दोस्रो विश्वयुद्धपछि स्थापित नियममा आधारित विश्व व्यवस्था तासको महल झै ढल्न पुगेका छन्। ट्रम्पले भेनेजुएला वा ग्रिनल्याणडका सन्दर्भमा दिएका अभिव्यक्तिहरू र चालेका कदमहरूले के पुष्टि गर्छन् भने उनको नजरमा शक्ति नै सत्य हो यो प्रवृतिले विश्वभरका अन्य महत्वाकांक्षी नेताहरूलाई पनि लोकतन्त्रको आवरणमा स्वेच्छाचारी बन्ने प्रेरणा दिइरहेको छ, जुन वैश्विक स्थिरता र मानव अधिकारका लागि गम्भीर खतरा हो। डोनाल्ड ट्रम्पको उदय र उनको कार्यशैलीलाई २०औ शताब्दीका कुख्यात तानाशाहहरू बेनिटो मुसोलिनी र एडोल्फ हिटलरसँग तुलना गर्दा डरलाग्दा समानताहरू फेला पर्छन्। मुसोलिनीले इटालीलाई रोमन साम्राज्यको पुनर्जन्म गराउने सपना देखाए जस्तै र हिटलरले जर्मन जातिलाई विश्वको श्रेष्ठ जातिको रूपमा स्थापित गर्ने बाचा गरे जस्तै ट्रम्पले मिग अमेरिका ग्रेट अगेनको नारा दिएर अमेरिकी जनता ता को एउटा ठुलो हिस्सामा राष्ट्रिय गौरवको तिव्र भोग जगाइदिएका छन्। ट्रम्पले कमन सेन्स वा प्रोटेक्टिभ कमन सेन्सको नाममा जे गरिरहेका छन्, त्यो वास्तवमा मानिसहरूको तर्क गर्ने क्षमतालाई नियन्त्रण गर्ने एउटा मनोवैज्ञानिक प्रपञ्च हो।

शीतयुद्धको समयमा विश्व अमेरिका र सोभियत संघ गरी दुई ध्रुवमा बाडिएको थियो भने सन् १९९० पछि अमेरिकाको एकल प्रभुत्व स्थापित भयो। तर डोनाल्ड ट्रम्पको आगमन र रुस चीनको बढ्दो सामरिक साझेदारीले विश्वलाई पुनः शक्ति सन्तुलनको नयाँ मोडमा पुर्याएको छ। जहाँ यी तीनवटै साम्राज्यहरूले एक अर्काको प्रमुख क्षेत्रमा हस्तक्षेप नगर्ने तर आफ्नो क्षेत्रमा भने पूर्ण प्रभुत्व जमाउने स्थिति देखिएको छ। वाइडेन प्रशासनको पालासम्म चीनलाई प्रमुख सैन्य खतराका रूपमा चित्रण गरिए पनि ट्रम्पले आफ्नो पछिल्लो रणनीतिमा चीनप्रतिको कडा शब्दहरूलाई केही हदसम्म नरम बनाएका छन्। ट्रम्प चाहन्छन् कि चीनसँग सिधा युद्धको जोखिम मोल्नु भन्दा पहिले अमेरिकाको आर्थिक र औद्योगिक शक्ति यति मजबुत होस् कि भविष्यमा चीनसँग डिल गर्दा अमेरिकाको हात सँधै माथि परोस्। उनले इन्डो प्यासिफिक रणनीतिमा चीनलाई घेर्ने कुरा गरे पनि भित्रभित्रै चीनसँग व्यापारिक शर्तहरूमा मोलमोलाई गरिरहेका छन्। चीनलाई आर्थिक केन्द्र, रुसलाई उर्जा र सैन्य केन्द्र र अमेरिकालाई वित्तीय एवं प्रविधिको केन्द्रको रूपमा हेरिएको छ। यस्तो व्यवस्थामा साना देशहरूले कुनै एउटा साम्राज्यको पक्ष लिनै पर्ने दबाब सिर्जना हुन्छ। अन्ततः यो तीन साम्राज्यको उदयले साना र मध्यमस्तरका राष्ट्रहरूको सार्वभौमिकतालाई गम्भीर जोखिममा पारेको छ। ट्रम्पको सोचमा अब साना देशहरूको स्वतन्त्र अस्तित्व भन्दा पनि उनीहरू कुन साम्राज्यको छत्रछायाँमा रहन्छन् भन्ने कुराले महत्व राख्छ। यसले वेस्टफालियन सार्वभौमिकताको सिद्धान्तलाई चुनौती दिदै विश्वलाई पुन १९औ शताब्दीको साम्राज्यवादी भागबण्डामा फर्काइदिएको छ। यदि यी तीन साम्राज्यहरूबीच स्वार्थ मिल्यो भने उनीहरूले मिलेर विश्वका स्रोतहरू बाँड्ने छन् र यदि बाझियो भने विश्वले फेरि एउटा ठुलो विनाशकारी युद्धको सामना गर्नुपर्ने देखिएको छ। ट्रम्पका लागि कुटनीति कुनै सिद्धान्त होइन, बरु एउटा व्यापारिक डिल मात्र हो। यस परिप्रेक्षमा नेपालको वर्तमान अवस्थालाई विश्लेषण गर्दा अत्यन्तै जटिल र खतरनाक भूराजनीतिक सुरुङभित्र प्रवेश गरेको देखिन्छ। ट्रम्पको अमेरिका फ्रस्ट नीतिले नेपालजस्ता राष्ट्रलाई केवल एउटा रणनीतिक औजारको रूपमा मात्र हेर्छ, जसको एकमात्र उद्देश्य दक्षिण एसियामा चीनको बढ्दो प्रभावलाई रोक्नु हो। नेपालका लागि सबैभन्दा पहिलो गम्भीर खतरा कित्ताकाटको राजनीतिबाट सुरु हुन्छ। ट्रम्पले तिमी मेरो पक्षमा छौ कि शत्रुको भन्ने स्पष्ट रेखा कोरेका छन्। यसअघिका अमेरिकी प्रशासनहरूले नेपालको असंलग्न परराष्ट्र नीतिलाई केही हदसम्म सम्मान गर्थे तर ट्रम्पको पालामा नेपालमाथि अमेरिकी सैन्य र रणनीतिक स्वार्थ विशेषगरी एमसीसी र एसपीपीको विस्तारित स्वरूप स्वीकार्न चरम दबाब बढ्ने देखिन्छ। यदि नेपालले चीनको बिआरआई परियोजनालाई प्राथमिकता दियो वा अमेरिकाको इन्डो प्यासिफिक सैन्य रणनीतिमा सहभागी हुन इन्कार गर्यो भने ट्रम्पले सिँधै आर्थिक प्रतिबन्ध लगाउने वा विकास सहायता ठप्प पार्ने जस्ता दण्डात्मक कदमहरू चाल्न सक्छन्। यदि अमेरिकाले रुस र चीनको प्रभाव क्षेत्र स्वीकार गर्छ भने पनि एमसीसी र एसपीपीमार्फत् नेपाललाई चीनसँगको बार्गेनिङ औजारको रूपमा प्रयोग गर्न सक्छ। ट्रम्पकै कारण नेपाललाई क्षेत्रीय शक्तिहरूको आक्रामकताको खतरा पनि त्यत्तिकै छ। जब अमेरिकाले अन्तर्राष्ट्रिय मर्यादाको वास्ता गर्दैन, तब क्षेत्रीय शक्तिहरूले पनि साना छिमेकीहरूमाथि आफ्नो प्रभाव जमाउन उस्तै ट्रम्पको शैलीको प्रयोग गर्ने खतरा रहन्छ। यसले नेपालको आन्तरिक राजनीति, जलस्रोत र सिमा सुरक्षामा छिमेकीहरूको हस्तक्षेपलाई झनै सघन बनाउने सक्ने विश्लेषणहरू हुन थालेका छन्। ट्रम्पका लागि नेपालको सार्वभौमिकताभन्दा अमेरिकाको व्यापारिक नाफा सँधै माथि हुन्छ। यो अवस्थामा नेपालको इतिहासकै सबैभन्दा जटिल र खतरनाक भूराजनीतिक मोड देखिएको छ यतिबेला। जलवायु परिवर्तनकै कारण नेपालको हिमालयन इकोसिस्टममा असर परिरहेको छ। विश्वका ठुला शक्तिहरूले कार्बन उत्सर्जन घटाउन छोड्दा नेपालका हिमालयहरू पग्लिने र हाम्रो पानीको सुरक्षा र अस्तित्व नै समाप्त हुने खतरा पनि त्यत्तिकै रहेको छ। नेपालका लागि ट्रम्पकालीन यो युग निकै भयानक हुने देखिएको छ। ट्रम्पको शक्ति नै सत्य हो भन्ने अहंकारले नेपालको भूमिमा प्रोक्सी झनै बढ्ने देखिएको छ। यसले मुलुकलाई दीर्घकालीन द्वन्द्वतर्फ लैजान सक्छ। ट्रम्पको लेनदेनको राजनीतिमा साना देशको कुनै भावना हुँदैन, त्यहाँ केवल नाफा र घाटाको हिसाब मात्र हुन्छ। यो जटिल भूराजनीतिक अवस्थामा प्रश्न ओली, प्रचण्ड, गगन, बालेनको होइन, प्रश्न देश बचाउने र बनाउने मुद्दाको हो। प्रश्न व्यक्तिको होइन, व्यवस्थाको हो। प्रश्न पात्रको होइन, प्रणालीको हो। ३५ वर्षदेखि अभ्यास गरिएको संसदीय व्यवस्थाभित्र रहेको खराबी खोज्ने कि अमूक व्यक्तिभित्र ? कर्मचारी प्रशासन, न्याय प्रणाली, र सेना बदलिएको छ ? पुरानै सत्ता र व्यवस्थाको आधारलाई यथावत राखेर उपरीसंरचनामा खेलोफड्को गर्दैमा, अनेक चटकेहरू सत्तासिन हुँदैमा देश र जनताको जीवनमा कुनै सकारात्मक परिवर्तन आउने, ल्याउन सम्भव छैन, हुँदैन। के व्यवस्था नबदलीकन जनताको अवस्था बदलिन सक्छ ? अनि यहाँको राजनीति के स्वाधीन छ ? के यहाँका राजनीतिक पार्टी र नेताहरूले स्वतन्त्रतापूर्वक नेपालमुखी भएर निर्णय लिने र कार्यान्वयन गराउने हैसियत राख्न सक्दछन् ? सत्तामा पुग्न र सत्तामा टिक्न किन उनीहरू प्रत्यक्ष र परोक्ष रूपमा वैदेशिक शक्तिकेन्द्रको दलालीमा प्रतिस्पर्धा गर्छन् र देशको प्राकृतिक र मानवीय स्रोतसाधनसँग घातक सौदाबाजी गर्छन् ? यी आधारभूत र मूलभूत प्रश्न हल नगरिनकन जतिसुकै थान चुनाव गरेपनि र जोसुकै प्रधानमन्त्री बनेपनि देशलाई अँध्यारो सुरुङतर्फ धकेल्नेशिवाय केही काम हुन सक्दैन। अहिलेको प्रमुख आवश्यकता भनेको मुलुकलाई स्वाधीन र आत्मनिर्भर बनाउन स्वाधीन संयुक्त जनसरकार र जनसंविधान निर्माणको दिशामा अगाडि बढ्नु हो। स्वाधीनताको लडाइँमा जनताको देशप्रेमले अजेय तागतको भूमिका खेल्छ। जनता नै इतिहासका निर्माता हुन्। जनता नै स्वाधीनता र सार्वभौमिकताका रक्षक हुन्।

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

www .moolbato .com
www .hanktoday .com
www .daunnenews .com
www .isthaniyapatra .com
www .navadristi .com
www .hamrokalapani .com
www .hamroonline .com
www .newsabhiyan .com
वर्गदृस्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## वैचारिक स्खलनको समस्या

**रास्वपा अधिल्लो निर्वाचनमा संघीयताको विपक्षमा रहेको हुनाले प्रदेशमा उम्मेदवार नउठाएको बताउने गर्दथ्यो । वालेन पनि संघीयताको विपक्षमा रहेको आइरहन्थ्यो । अहिले वालेन र रास्वपा घोर संघीयतावादी बनेका छन् । त्यो पार्टीका नेता कार्यकर्तामा कुनै असर परेको देखिन्न ।**



● दीपक पौडेल ●

१. सुचना संचार प्रविधिको विकास संगै नेपाल जस्ता मुलुकहरूमा वैचारिक स्खलनको समस्या बढेर गएको छ। संचार माध्यममा आएका स्तरहीन र तथ्यहीन सामाग्रीहरूले मानसिकतामा नकारात्मक प्रभाव पारेको देखिन्छ। उपभोक्ताहरूलाई सत्य पत्ता लगाउन कठिन मात्रै भएको छैन , वैचारिक कुराहरू सुन्नै नसक्ने बनाएको छ। संचार माध्यममा लगानी गरेर जनताको मानसिकता कब्जा गर्नु ठुलो भ्रष्टाचार हो। भ्रष्टाचारको विरुद्ध संघर्ष गर्दै सुचना संचार प्रविधिको सही सदुपयोगमा जोड दिनुपर्दछ।

२. भनिन्छ- असत्य र गलत कुराहरूलाई हजारौं पटक भनियो वा सुनियो भने सत्य जस्तो लाग्न थाल्दछ। यो तरिकाबाट राजनीतिक नेतृत्व तैयार पार्ने प्रयत्न भइरहेको छ। राजनीतिक तथा देशको नेतृत्व को धेरै भाइरल छ ? त्यसको अधारमा निर्धारण गर्नु सही हुदैन। अहिले नीतिको कुरा युवा पुस्ताले गर्न र सुन्नै चाहन्न। विचार शून्य निर्णयले देशलाई सही दिशानिर्देश गर्न सक्दैन।

३. टिकटको प्रयोगले धैर्यता तोडेको छ। पूरा लेख पढ्न नसक्ने , पूरा समाचार हेर्न र सुन्न नसक्ने , समाचारका शीर्षक हेरेर धारणा बनाउने। विषयको गहिराइमा पुग्न नसक्ने बनाएको छ। यसरी विकास भएको मानसिकताले मैले मात्रै जानेको छु, मैले मात्रै बुझेको छु भन्ने घमण्ड जन्माउने गर्दछ र सत्य तथ्यमा पुग्न अवरोध पुर्याउछ। प्रचारको पछाडि दौडिन लगाउछ।

४. अहिले संचार माध्यममा सबै पार्टी ठीक छन् नेता गलत हुन् भन्ने भाष्य बनाएको देखिन्छ। उक्त भाष्य तथ्यसंग मेल खादैन। राजनीति भनेको राज्य संचालनको नीति हो। राज्य कसरी संचालन गर्ने ? राजनीतिक पार्टीले निर्धारण गरेका हुन्छन्। राजनीतिको मुख्य आधार आर्थिक हो। पुजीवादी अर्थतन्त्र स्वीकार गर्ने पार्टीले व्यक्तिगत सम्पत्ति र निजीकरणलाई प्राथमिकता दिएका हुन्छन्। समाजवादी अर्थतन्त्र स्विकार गर्ने पार्टीले व्यक्तिगत सम्पत्ति र निजीकरणको विरोध गरेर सार्वजनिक सम्पत्तिमा जोड दिएका हुन्छ। पुँजीवादी अर्थनीति र समाजवादी अर्थनीति एक आपसमा विरोधी अर्थनीति हुन् , दुइटै ठीक कसरी हुन्छ ? विचार शुन्य भएकाहरूले मात्रै दुइटै ठीक भन्न सक्दछ। कुनै पार्टीले राजतन्त्र सहितको नीति कार्यक्रम बनाएको छ , कुनै पार्टीले गणतन्त्रात्मक नीति कार्यक्रम बनाएको छ। कुनै पार्टीले संघात्मक नीति कार्यक्रम बनाएको छ , कुनै पार्टीले एकात्मक नीति कार्यक्रम निर्धारण गरेको छ। यसरी पार्टी सबै राम्रा छन् , नेता मात्रै छान्नु पर्दछ भन्नु वैचारिक स्खलन नै हो।

५. रास्वपा अघिल्लो निर्वाचनमा संघीयताको विपक्षमा रहेको हुनाले प्रदेशमा उम्मेदवार नउठाएको बताउने गर्दथ्यो। *बाँकी ७ पेजमा*


## सहिदप्रति सम्मान गरौं

- सहिद राष्ट्रिय गौरव हुन् ।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

**सहिदको सपना साकार गरौं,**
**देश विकासमा सबै नेपाली जुटौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# एसईईको परीक्षा तालिका सार्वजनिक (तालिकासहित)

काठमाडौं । २०७६ को माध्यमिक शिक्षा परीक्षा (एसई) आगामी चैत ६ गतेदेखि सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले एसईईको नियमित, ग्रेडवृद्धि तथा प्राविधिकको परीक्षा तालिका सार्वजनिक गर्दै आगामी चैत ६ देखि १७ गतेसम्म परीक्षा सञ्चालन हुने जनाएको छ। बोर्डका अनुसार पहिलो दिन अनिवार्य अंग्रेजी, ७ गते अनिवार्य नेपाली, ९ गते अनिवार्य गणित, १० गते विज्ञान र ११ गते अनिवार्य सामाजिक अध्ययनको परीक्षा हुनेछ। त्यस्तै, चैत १२ गते अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा, १३ गते ऐच्छिक गाीणत र परीक्षाको अन्तिम दिन १७ गते विभिन्न प्राविधिक विषयको परीक्षा तोकिएको छ। बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुने परीक्षामा यसअघि कम ग्रेड ल्याएकासमेत सहभागी हुनसक्ने बोर्डले जनाएको छ। हेर्नुहोस् एसईईको परीक्षा तालिका

नेपाल सरकार
**राष्ट्रिय परीक्षा बोर्ड**
**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमी, भक्तपुर**

**२०७६ सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडबृद्धि तथा प्राविधिक) को समय तालिका सम्बन्धी सूचना**

राष्ट्रिय परीक्षा बोर्डको मिति २०७६/०८/३० को निर्णयानुसार २०७६ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षा देहाय बमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने-गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**समय तालिका**
**परीक्षा सञ्चालन समय : बिहान ८.०० बजे देखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७६ साल चैत्र ०६ गते विहिबार | अनिवार्य अङ्ग्रेजी |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अङ्ग्रेजी |
| २ | २०७६ साल चैत्र ०७ गते शुक्रबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी (Elective English) |
| ३ | २०७६ साल चैत्र ०९ गते आइतबार | अनिवार्य गणित |
| ४ | २०७६ साल चैत्र १० गते सोमबार | अनिवार्य विज्ञान |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७६ साल चैत्र ११ गते मंगलबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक तर्फ : Farm Management and Marketing/Engineering Drawing/Computer Repair and Maintenance, Basic Music |
| ६ | २०७६ साल चैत्र १२ गते बुधवार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा बातावरण शिक्षा |
| | | वेदविद्याश्रमतर्फ : कर्मकाण्ड/ फलित ज्योतिस |
| | | संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| | | प्राविधिक तर्फ : Aquaculture and Fisheries/Electrical Measurement and Instrument/ Computer Networks/Engineering Surveying, Music of Nepal |
| ७ | २०७६ साल चैत्र १३ गते विहिवार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक प्रथम पत्रका सबै विषयहरु, |
| | | वेदविद्याश्रमतर्फ : बेद वा नीतिशास्त्र |
| | | प्राविधिक विषयतर्फ : ऐच्छिक गणित (Optional Maths) |
| ८ | २०७६ साल चैत्र १४ गते शुक्रवार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक द्वित्तीय पत्रका सबै विषयहरु |
| | | वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वित्तीय पत्रका सबै विषयहरु |
| | | प्राविधिक विषयतर्फ : Vegetable and Medicinal plant Production /Dairy and Dairy Products/Utilization of Electrical Energy/ Database management System/Building Construction/Music Technology |
| ९ | २०७६ साल चैत्र १५ गते शनिवार | प्राविधिक विषयतर्फ : Crop production/Small Ruminant Production and Management /Electronic device and circuit /Water resources Engineering/ Instrument Keyboard |
| १० | २०७६ साल चैत्र १६ गते आइतवार | प्राविधिक विषयतर्फ : Industrial Entomology and Mushroom/Animal health-II/ Electrical Machine/Microprocessor/Highway Engineering/ Music Business and Program Management |
| ११ | २०७६ साल चैत्र १७ गते सोमवार | प्राविधिक विषयतर्फ : Floriculture and Nursery Management/Veterinary Laboratory Techniques/Industrial Installation and Maintenance/Object Oriented Programming/Estimating Costing and Supervision/ Optional subject (Singing, Musical Instrument, Dance) |

**द्रष्टव्य**

१. कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्वसूचना विना परीक्षा स्थगित हुनेछैन ।
२. नियमित तथा ग्रेडवृद्धि दुबै समूहतर्फको परीक्षा उल्लिखित तालिकाअनुसार एउटै समयमा नयाँ पाठ्यक्रममा आधारित प्रश्नहरुबाट हुनेछ । ग्रेडबृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुलाई जिल्ला सदरमुकाम वा जिल्लाका सबै विद्यालयहरुलाई पाएक पर्ने गरी एउटै परीक्षा केन्द्रमा राख्नु पर्ने छ ।
३. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।
४. परीक्षा केन्द्रहरुको जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरुबाट हुनेछ ।
५. तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।
६. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । प्रवेशपत्रमा उल्लेखित सिम्वबोल नम्बर परिवर्तन हुने छैन । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।
७. नियमित तथा ग्रेडबृद्धि दुबै समूहका परीक्षार्थीहरुको परीक्षा केन्द्र परिवर्तन हुनेछैन ।
८. परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नं. (६६३०७३९, ६६३००७०, ६६३११४६) मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्ड को website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.see.gov.np मा पनि हेर्न सकिनेछ ।

परीक्षार्थीले रजिष्ट्रेशन/आवेदन फारम भर्दा फारममा उल्लेख गरेको जन्ममिति वा नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक पाइएमा र उक्त फरक परेको विवरण संशोधन गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०७७ साल बैशाख मसान्तभित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । अन्यथा उक्त विवरण संशोधन गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।